'रिटर्नी उद्यमशीलता कार्यक्रम' सञ्चालनको तयारी... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक ३६ • २०८१ साल असार १० गते सोमबार (24 June, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-



# संसदीय छानविन समितिको प्रतिवेदन सभामुखलाई

## २४ गते अन्तिम भुक्तानी, २२ गते सम्म रकमान्तर

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले गत आर्थिक वर्ष २०७९/८० मा अनियमित ढंगले करोडौं रकमान्तर गरेको प्रतिवेदन संसदीय छानविन समितिले आइतबार प्रदेशका सभामुख रामचन्द्र मण्डललाई बुझाएको छ।

गत असार महिनाको २६ गते प्रदेश सभाले लोकतान्त्रिक पार्टी(लोसपा) नेपालका संसदीय दलका उपनेता उपेन्द्र महतोको संयोजकत्वमा प्रदेश सभाले रकमानन्तर, सशस्त्र अनुदान र विशेष अनुदान छानबिन गर्न समिति गठन गरेको थियो।

समितिका संयोजक महतोसहितले सभामुख रामचन्द्र मण्डलसित प्रतिवेदनलाई हाउसमा टेबुल गर्ने समय मागे पनि सभामुख स्वयंले बुझेको बताइएको छ।

सरोजकुमार यादव नेतृत्वको मधेश सरकारको अर्थमन्त्रालयमा ठूलो मात्रामा भएको अनियमित रकमान्तर विषयमा नेकपा एमालेको माग अनुसार २६ असार २०८० मा प्रदेशसभाले समिति गठन गरेको थियो।

तत्कालीन प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले अर्थ मन्त्रालयबाट अनियमित ढंगले कमिसनको आधारमा रकमान्तर, सशर्त र विशेष अनुदान बितरण गरेको आरोप लगाउँदै संसदीय छानविन समिति गठन गर्न माग गरेको थियो।

२ महिना भित्र समितिले प्रतिवेदन बुझाउनु पर्ने समयावधि तोकिए पनि झण्डै वर्ष दिनपछि प्रतिवेदन सभामुख मण्डललाई बुझाएको छ।

समितिका एकजना सदस्यले जनाए अनुसार गत आर्थिक वर्षको असार २४ गते भित्र प्रदेश सरकार मातहतको योजनाहरुको मुल्यांकन र भुक्तानी समेत भइसक्नु पर्ने समयसीमा तोकिएको थियो। तर असार २२ गते सम्म बजेट रकमान्तर भएको प्रतिवेदनमा उल्लेख छ।

असारको अन्त्यमा सर्वाधिक ४२ करोड रुपैयाँ उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको रकमान्तर गरिएको थियो। सो मन्त्रालयको असार २२ गते सम्म बजेट रकमान्तर भएको प्रतिवेदनमा उल्लेख गरिएको छ। स्रोतका अनुसार तत्कालीन पर्यटन मन्त्री सुनिता यादवका स्वकीय सचिवको हस्ताक्षर भएको पत्रको आधारमा ४२ करोड रुपैयाँ रकमानन्तर भएको प्रतिवेदनमा प्रमाणसहित उल्लेख गरिएको छ।

त्यसैगरि मधेश प्रदेशको १ सय ३६ पालिका मध्ये १ सय ३० पालिकालाई मात्र सशर्त अनुदान उपलब्ध गराइएको प्रतिवेदनमा औल्याइएको छ।

रकमान्तर र सशर्त अनुदान दिँदा मन्त्रालयमा पहिले फाइल सदर भइसके पछिको मितिमा दर्ता किताबमा उल्लेख गरिएको पाइएको प्रतिवेदनमा लेखिएको छ। अर्थ मन्त्रालयमा पत्र दर्ता हुनु अगावै प्रक्रिया अगाडि बढेर स्वीकृत भएको प्रतिवेदनमा चर्चा गरिएको छ।

छानबिन समितिले तयार गरेको १९ बुँदे प्रतिवेदनलाई प्रदेश सभामा टेबुल गरिएपछि मात्र सार्वजनिक गरिने बताइएको छ।

तत्कालीन मधेश प्रदेश सरकार ढलेको १९ दिनपछि बुझाइएको प्रतिवेदनको औचित्यमाथि समेत प्रश्न उठाइएको छ। तत्कालीन समयमा जनता समाजवादी पार्टी(जसपा)नेपालका सञ्जय कुमार यादव अर्थमन्त्री थिए। सरकार फेरिएर अहिले माओवादी केन्द्रका भरत प्रसाद साह अर्थमन्त्री छन्।











# गाग्रीमा पानी ओसार्ने समस्या समाधान हुन्छः खानेपानीमन्त्री राई



काठमाण्डु । खानेपानी मन्त्री राजेन्द्रकुमार राईले खानेपानीको समस्या समाधानका लागि आगामी आर्थिक वर्षको बजेट महत्वपूर्ण कोशेढुङ्गा साबित हुने बताउनुभएको छ।

विनियोजन विधेयक, २०८१ को विभिन्न शीर्षकमाथि भएको छलफलका क्रममा खानेपानी मन्त्रालयका शीर्षकमाथिको छलफलका क्रममा उठेका प्रश्नको आज प्रतिनिधिसभाका जवाफ दिनुहुँदै खानेपानीमन्त्री राईले उक्त दाबी गर्नुभएको छ। "खानेपानीको लाइनमा बस्न नपर्ने अवस्थाको सिर्जना गर्न गर्ने प्रतिवद्धता व्यक्त गर्दछु। खानेपानीका लागि कम्मरमा गाग्री र पिठ्यूँमा डोको बोक्नुपर्ने समस्याको अन्त्य गर्ने र तपाईंहरुले अर्कोचोटी प्रश्न नउठाउने गरी काम गर्ने प्रवद्धता व्यक्त गर्दछु", खानेपानी मन्त्री राईले भन्नुभयो।

मेलम्ची खानेपानी आयोजनामा बाढीले पुऱ्याएको क्षति पछि आयोजनालाई कसरी अगाडि बढाउने भनेर अध्ययन भएको र बाढीका कारण पुरिएको आयोजनाको ट्याङ्की सुरक्षित स्थानमा लैजानका लागि मन्त्रिपरिषद्मा स्वीकृती पाएको र त्यसका लागि एसियाली विकास बैंकले करिब रु दुई अर्ब अनुदान सहयोग गर्ने पनि उहाँले बताउनुभयो । आयोजनाको दोस्रो चरणअन्तर्गतको कामका लागि लार्के र याङ्ग्री खोलाबाट समान दैनिक १७ करोड लिटर पानी काठमाडौं पुऱ्याउनेगरी योजना निर्माण भइरहेको बताउनुभयो। याङ्ग्री र लार्के खोलामा बन्ने हेडवर्क्र्ससम्म पहुँचमार्ग निर्माण भइरहेको उहाँको भनाइ छ।

खानेपानी र सरसफाई तीनवटै तहको साझा अधिकार क्षेत्रभित्र पर्ने भएकाले प्रदेश र स्थानीय तहले पनि पर्याप्त बजेट विनियोजन गर्ने विश्वास व्यक्त गर्नुभयो ।आगामी आर्थिक वर्षका लागि तय भएको खानेपानी मन्त्रालयको बजेट र वार्षिक विकास कार्यक्रमले सबै जिल्ला र निर्वाचन क्षेत्रका मागलाई सम्बोधन गरेको खानेपानीमन्त्री राईले दावी गर्नुभयो । वार्षिक विकास कार्यक्रममा नपरेका धेरैवटा योजना कार्यान्वयनमा लैजाने तयारी मन्त्रालयले गरिरहेको पनि उहाँको भनाइ छ ।रासस

# व्यवस्थित सहरीकरणमार्फत दिगो आर्थिक विकास गरिने



काठमाण्डु । सहरी विकासमन्त्री धनबहादुर बुढाले व्यवस्थित सहरीकरणमार्फत दिगो आर्थिक, सामाजिक समृद्धिको अभियानलाई अगाडि बढाइएको बताउनुभएको छ।

उहाँले दीर्घकालीन सोचका साथ दिगो, समावेशी र सुन्दर सहरका रुपमा विकास गर्ने लक्ष्यसहित आर्थिक वर्ष २०७३/७४ देखि शुरु गरिएको सघन सहरी विकास कार्यक्रमलाई एक सय ३२ वटा नगरपालिकामा विस्तार गरिएको बताउनुभयो । प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयक २०८१ का सन्दर्भमा सांसदको जिज्ञासाको जवाफमा मन्त्री बुढाले व्यवस्थित सहरीकरणको कामलाई योजनाबद्धरुपमा अगाडि बढाइएको उल्लेख गर्नुभयो।

सुरक्षित, स्वच्छ, व्यवस्थित र आर्थिकरूपमा गतिशील सहर निर्माणका लागि गुणस्तरीय सहरी पूर्वाधार, सेवा तथा सुविधा उपलब्ध गराउने गरी सहरी विकासतर्फको बजेट केन्द्रित गरिएको बताउनुभयो।"मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग र तराई मधेस तथा हिमाल पहाडका केही आर्थिक सम्भावना बोकेका साना बजार केन्द्रलाई नयाँ सहरका रुपमा विकास गर्ने अभिप्रायले २७ वटा बजार केन्द्रमा पूर्वाधार निर्माणलाई निरन्तरता दिइएको उहाँले जानकारी दिनुभयो।

मन्त्री बुढाले भन्नुभयो, "एकीकृत बस्ती विकासको कार्यसँगै जोखिमयुक्त बस्ती स्थानान्तरणको कार्यसमेत मन्त्रालयले गर्दै गरेको भए पनि एकीकृत बस्तीको सफलता कार्य व्यक्ति/समुदायको भावना र जीविकोपार्जनसँग पनि जोडिएकाले यी चुनौतीका कारण प्रभावकारी प्रतिफल दिन सकिएको छैन ।"विद्यमान बस्तीमा नै थप पूर्वाधार विकास गरी जनताको जीवनयापन सहज बनाउन र विपद्को दृष्टिकोणबाट जोखिममा रहेका बस्तीलाई भने यथासम्भव स्थानान्तरणसमेत गरिने गरी ७७ वटै जिल्लामा सङ्घ, प्रदेश र स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गरिएको उहाँको भनाइ छ।

मन्त्री बुढाका अनुसार एसियाली विकास बैङ्कको सहयोगमा सहरी उत्थानशिलता तथा जीविकोपार्जन सुधार कार्यक्रमअन्तर्गत देशका मुख्य पर्यटकीय सहर पोखरा, जनकपुर र लुम्बिनी करिडोरमा रहेका नगरपालिका लुम्बिनी साँस्कृतिक, देवदह, सैनामैना, तिलोत्तमा, रामग्राम र सिद्धार्थनगरमा एकीकृत सहरी पूर्वाधार निर्माण गरी विपद् उत्थानशील र बस्नयोग्य सहरका रुपमा विकास गर्न दातृ निकायसँग सम्झौता भइ उक्त आयोजना आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइने गरी बजेट विनियोजन गरिएको छ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) र रुकुमपूर्व सदरमुकाम विकास गर्न सरकारी कार्यालय भवन र अन्य पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखिएको उहाँको भनाइ छ । एसियाली विकास बैंकको सहयोगमा सुदूरपश्चिम प्रदेशका चार नगरपालिकामा सञ्चालित क्षेत्रीय सहरी विकास आयोजना आगामी आवमा सम्पन्न गर्ने गरी बजेट विनियोजन भएको बताउनुभयो।

प्रदेश सरकारबाट कार्यान्वयन हुने जनता आवास कार्यक्रममार्फत हालसम्म करिव रु १८ अर्ब लगानी गरी ४२ हजारभन्दा बढी आवास निर्माण भइसकेको छ। यस कार्यक्रमलाई आगामी आवसमेतमा प्रदेश सरकारमार्फत कार्यान्वयन गर्ने गरी निरन्तरता दिइएको उहाँको भनाइ छ।

मन्त्री बुढाले भन्नुभयो, "संविधानप्रदत्त आवासको मौलिक हक कार्यान्वयनका लागि आवासको अधिकारसम्बन्धी ऐन, सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत हालसम्म करिब रु सात अर्ब लगानी भइ ८० हजार आवासीय भवनको छाना जस्तापाताले प्रतिस्थापन गरिसकिएको छ।"

सीमित बजेट उपलब्धताका कारण लक्ष्यअनुरुप प्रगति हासिल हुन नसकेको तथा स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी यस कार्यक्रमलाई निरन्तरता दिइ बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो ।प्राकृतिक विपद्को समयमा समुदायलाई आश्रय उपलब्ध गराउन आपतकालीन सेल्टर निर्माणलाई निरन्तरता दिइएको मन्त्री बुढाको भनाइ छ । सङ्घीय संसद् भवन निर्माण आगामी आवमा सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, स्थानीयस्तरका सडक, पुल तथा सामुदायिक पहुँच सुधार परियोजना, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम, कर्णाली समृद्धि कार्यक्रम, तराई मधेस सडक पूर्वाधार विकास कार्यक्रम र उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रमलाई निरन्तरता दिइएको छ।

सङ्घीयताको मर्मअनुरुप सहरी विकास मन्त्रालयलाई प्राप्त भएको सिलिङ्गबाट आगामी आवमा सङ्घबाट कार्यान्वयन हुने कार्यक्रममा रु ६८ अर्ब तीन करोड १३ लाख, प्रदेशबाट कार्यान्वयन हुने कार्यक्रममा रु सात अर्ब ६७ करोड ७७ लाख र स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रममा रु १५ अर्ब ६४ करोड ३३ लाख गरी जम्मा रु ९१ अर्ब ३५ करोड २३ लाख बजेट विनियोजन गरिएको छ।


काठमाडौं उपत्यका विकास प्राधिकरणमार्फत काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन २०४५, वस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२, योजना अनुमति मापदण्ड २०६२ अनुसार निजी क्षेत्रलाई न्यूनतम बाटोका लागि १५ प्रतिशत र कम्तिमा पाँच प्रतिशत खुल्ला क्षेत्रको लागि छुट्याइ भौतिक विकास योजना सञ्चालन गर्न अनुमति दिने गरिएको उहाँको भनाइ छ।

काठमाडौं उपत्यकाको इशान कोणमा एक लाख रोपनी र अन्य तीन कोणमा १०/१० हजार गरी ३० हजारसमेत एक लाख ३० हजार रोपनीमा आवास विकास गर्दा खानेपानीलगायत अन्य पूर्वाधारसमेत उपलब्ध गराउने योजना रहेको उहाँले जानकारी दिनुभयो। तीमध्ये इशान कोणको नयाँ नगर भौतिक विकास योजना कार्यान्वयनका लागि योजना तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेस हुने चरणमा रहेको उहाँको भनाइ छ।

भक्तपुरको अरनिको सभागृहका लागि चालु आवमा रु पाँच करोड बजेट विनियोजन गरिएको छ । सन्तुलित राष्ट्रिय तथा प्रादेशिक सहरी स्वरुप विकास हुने गरी ठूला तथा मझौला सहर निर्माण तथा सहरी क्षेत्रमा लगानी गरी सहरी विकास मन्त्रालयले कार्य गर्दै आएको तथा सहरी विकास मन्त्रालयबाट बजेट विनियोजन गर्दा उच्च आन्तरिक बसाइँसराइका कारण जनसङ्ख्याको अत्यधिक चापसँगै तीव्र सहरीकरण भएका तराईका सबैजसो सहरमा पूर्वाधार निर्माणमा ध्यान केन्द्रित गरिएको उहाँको भनाइ छ।

सहरी विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतको सहरी विकास, आवास, भवन तथा स्थानीय पूर्वधारको क्षेत्रमा कार्यक्रम विस्तार गर्दै जाने सोचलाई साकार पार्दै समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य प्राप्तिमा योगदान गर्न मन्त्रालय अग्रसरसमेतको उहाँको भनाइ छ ।रासस

# खेलकुद क्षेत्रको विकासलाई पहिलो प्राथमिकतामा राखिने



काठमाण्डु । युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले युवाको आकर्षण बढ्दै गएको खेलकुद क्षेत्रको विकासलाई मन्त्रालयले पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथि उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै मन्त्री श्रेष्ठले खेलकुदको माध्यमबाट स्वस्थ र अनुशासित नागरिक तयार गरी राष्ट्रिय एकता र राष्ट्रिय गौरव बढाउन मन्त्रालयले प्राथमिकता दिएको बताउनुभयो । उहाँले युवाको आकर्षण बढ्दै गएको खेल क्षेत्रको संरक्षण र विकास गरी राष्ट्र निर्माणमा सहभागी गराउन प्रयासरत रहेको उल्लेख गर्नुभयो।

खेलकुदमन्त्री श्रेष्ठले सीमित स्रोतसाधनका बाबजुद पनि खेलकुद क्षेत्रको समग्र सुधारका लागि लागिपरेको बताउनुभयो। युवामा विकराल बन्दै गइरहेको लागूऔषको समस्या समाधान गर्न र उनीहरुलाई राष्ट्रनिर्माणमा प्रोत्साहन गर्न मन्त्रालयले नमूना युवा कार्यक्रम अगाडि बढाएको बताउनुभयो।

मन्त्री श्रेष्ठले खेलकुद पूर्वाधार विकासका लागि मूलपानी क्रिकेट रङ्गशाला निर्माण, कीर्तिपुरको क्रिकेट मैदानमा 'फ्लड लाइट' जडान, खेलाडी फिटनेस हल तथा सामग्री व्यवस्था, हाइअल्टिच्यूट ट्रेनिङ सेन्टर र खेलकुद तालिम केन्द्र स्थापना कार्यलाई प्राथमिकतामा राखिएको जानकारी दिनुभयो । युवालाई लागूऔष र कुलतबाट जोगाउन 'आफ्नो माटो चिनौं'जस्ता युवा लक्षित कार्यक्रम अनुसन्धानका आधारमा ल्याइएको उहाँको भनाइ छ।

मन्त्री श्रेष्ठले यो पटक पूर्वाधारमा भन्दा कार्यक्रममा बजेट बढी खर्च गर्नुपर्ने बाध्यता रहेको स्पष्ट पार्नुभयो। उहाँले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि रु ६० करोड बजेट विनियोजन भएको तथा मूलपानी क्रिकेट रङ्गशालाका लागि रु ५० करोड रकम व्यवस्था गरिएको जानकारी दिनुभयो । खेलकुद सङ्गठनलाई सृजनशील कार्यमा प्रेरित गर्नुपर्ने, यस क्षेत्रमा रहेका शासकीय बेथितिलाई सुधार्न सबै सक्रिय भएर लाग्नुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिनुभयो । खेलकुद ऐन संशोधनको क्रममा रहेको भन्दै उहाँले सातै प्रदेशबाट रायसुझाव लिएर असारभित्रै कानुन मन्त्रालयमा ऐनको मस्यौदा पठाउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।मन्त्री श्रेष्ठले मदिरा, सुर्ती र लागूऔषध दुर्व्यसनी जस्ता कुलतबाट युवा जोगाउँदै उनीहरुमा सकारात्मक सोचको विकास गर्ने र युवाको भविष्यको लक्ष्य प्राप्तिका लागि उपयुक्त मार्गदर्शन गराउने उद्देश्यले राष्ट्रिय युवा परिषद्मार्फत युवा परामर्श तथा मार्गदर्शन कार्यक्रम ल्याइएको जानकारी दिनुभयो।

युवा प्रतिभा पलायन हुने प्रवृत्तिलाई रोक्न सबै प्रदेशमा 'ह्वाई नेपाल क्याम्पेन' सञ्चालन गरी सामाजिक सञ्जालमार्फत सकारात्मक सन्देशमूलक सामग्री प्रसारण गर्ने योजना रहेको उहाँको भनाइ छ। उहाँका अनुसार युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा रहेको रु तीन अर्ब ८० करोड रकम हाल कर्जा लगानी गरिएको छ। "आगामी आवमा नियमित किस्ता रकम अनुमानित रु एक अर्ब ८० करोड फिर्ता हुने देखिन्छ। उक्त रकमबाट आगामी आवमा थप १० हजार युवालाई स्वरोजगार बनाउने लक्ष्य रहेको छ", मन्त्री श्रेष्ठले भन्नुभयो।

स्थानीयस्तरबाटै खेलकुदका तालिम प्रदान गर्न खेलकुदका प्रशिक्षक खटाइएको मन्त्री श्रेष्ठले बताउनुभयो। अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउँन 'मिसन, २०२६', 'छैटौं एसियन इन्डो मार्सल आर्ट, २०२४' र 'पेरिस ओलम्पिक, २०२४' लगायत बृहत् खेलकुदको तयारीका लागि राष्ट्रियस्तरमा १० वटा खेलका दुई सयभन्दा बढी खेलाडीलाई विशेष प्रशिक्षण सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो।

युवा तथा खेलकुदमन्त्री श्रेष्ठले गणेशमान सिंह बक्सिङ प्रतियोगितामा बक्सिङ खेलको मात्र प्रतियोगिता सञ्चालन हुने, मदन भण्डारी स्पोर्टस एकेडेमीबाट महिला र पुरुषका लागि बक्सिङ, भलिबल हक्की, एथ्लेटिक्स, तेक्वान्दो, कराते, व्याडमिन्डन, बास्केटबललगायत कम्तीमा १६ विधाका प्रतियोगिता आयोजना गर्ने भएकाले बढी रकम विनियोजन भएको जानकारी दिनुभयो।उहाँका अनुसार अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीको छनोट सम्बन्धित खेल सङ्घको प्रशिक्षक, निर्णायक र सङ्घको पदाधिकारीसहितको छनोट समितिबाट निश्चित मापदण्ड, सिद्धान्त र प्रक्रियाबाट हुने भएकाले उक्त प्रक्रिया पारदर्शी बनाइएको छ।

खेलकुदमन्त्री श्रेष्ठले खेलकुदका माध्यमबाट पर्यटनको विकास र विस्तार गर्न ११ वटा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न बजेट विनियोजन गरिएको बताउनुभयो । जुम्लाको पातारासीमा स्वदेशी तथा विदेशी खेलाडीलाई तालिममा आकर्षिक गर्न हाइअल्टिच्यूट ट्रेनिङ सेन्टर निर्माण गर्न रु चार करोड विनियोजन गरिएको छ। साथै दोलखाको सैलुङमा तेक्वान्दो खेलको हाइअल्टिच्यूट ट्रेनिङ कभर्डहल निर्माणका लागि रु दुई करोड विनियोजन भएको जानकारी दिनुभयो।

मन्त्री श्रेष्ठले अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई पुरस्कारको व्यवस्था गरिएअनुसार रु चार करोड ३५ लाख बजेट विनियोजन गरिएको बताउँदै आगामी वर्षदेखि पदक जितेर आउने बित्तिकै खेलाडीलाई बैङ्कखातामा पुरस्कारको रकम उपलब्ध गराउने व्यवस्था मिलाइएको जानकारी दिनुभयो। उहाँका अनुसार ओलम्पिकमा सहभागी, एसियन खेलमा पदक विजेता, साग खेलकुदमा स्वर्ण पदक विजेता खेलाडी तीन सय ५७ जनालाई मासिक रु छ हजारका दरले मासिक भत्ता प्रदान गर्न रु दुई करोड ३५ लाख व्यवस्था गरिएको छ।

खेलकुदमन्त्री श्रेष्ठले विद्यालयस्तरमा खेलकुदको विकासका लागि प्रत्येक विद्यालयमा छुट्टै खेलकुद शिक्षक राख्ने प्रक्रिया अगाडि बढाइएको जनाउँदै यो प्रक्रिया पूरा हुन समय लाग्ने भएकाले हाललाई विद्यालयमा अध्यापनरत चार सय शिक्षकलाई १५ दिने खेलकुदको सीप विकास तालिम प्रदान गर्न रु एक करोड ४० लाख विनियोजन गरिएको उल्लेख गर्नुभयो । उहाँले खेलकुद विश्वविद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन भइसकेकाले स्रोतको व्यवस्था हुनासाथ स्थापना कार्य अघि बढाइने जानकारी दिनुभयो ।रासस

# 'राष्ट्रिय सुरक्षालाई मजबुत बनाउन आवश्यक'

काठमाण्डु। रक्षामन्त्री हरिप्रसाद उप्रेतीले मुलुकको राष्ट्रिय सुरक्षालाई मजबुत बनाउन आवश्यक रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथि उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै उहाँले राष्ट्रिय सुरक्षा परिषद्लाई अझ प्रभावकारी बनाउँदै सबै सुरक्षा संयन्त्रहरूका बीचमा सशक्त समन्वयका माध्यमबाट समग्र राष्ट्रिय सुरक्षालाई मजबुत बनाउन पहल थालिएको बताउनुभयो । मन्त्री उप्रेतीले राष्ट्रिय सुरक्षासँग जोडिएका समग्र विषयलाई उपयुक्त तरिकाले सम्बोधन गर्न मन्त्रालयको विशेष प्राथमिकता तथा पहलमा राष्ट्रिय सुरक्षासम्बन्धी विधेयक तर्जुमा भई हाल कार्यान्वय प्रक्रियामा रहेको जानकारी दिनुभयो । उहाँले नेपाली सेनालाई समवेशी चरित्रको बनाउन काम सुरु गरिएको, सेना भर्ना प्रक्रिया समावेशी बनाई पछिडिएका, सीमान्तकृत समुदायको प्रतिनिधित्व गराइएको, सरुवा बढुवामा कुनै भेदभाव नहुने व्यवस्था गरिएको बताउनुभयो।

रक्षामन्त्री उप्रेतीले मुलुकको वर्तमान सुरक्षा स्थितिलाई थप सुदृढ र मजबुत बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले नेपाली सेनाको सुदृढीकरणँ आधुनिकीकरण, सबलीकरण र पेसागत क्षमता अभिवृद्धि गर्दै जाने विषयलाई रक्षा मन्त्रालयले उच्च प्राथमिकतामा राखेको जानकारी दिनुभयो। "नेपाली सेनालगायत सबै सुरक्षा अङ्गहरूको आधुनिकीकरण, सबलीकरण र पेसागत क्षमता अभिवृद्धि गर्दै जाने तथा आधारभूत सुरक्षा सामग्री र उपकरणमा आत्मनिर्भर हुँदै जाने विषयलाई सरकारले उच्च प्राथमिकतामा राखी काम गर्दै आइरहेको छ", उहाँले भन्नुभयो।

सेनालाई समयानुकूल दक्ष, आधुनिक, थप व्यावसायिक र प्रविधिमा आधारित फौज बनाई गुणस्तर बढाउन, सेनाको दक्षता र मनोबल अभिवृद्धि गर्न मन्त्रालयले प्राथमिकता दिँदै आएको भन्दै मन्त्री उप्रतीले सीमित बजेटलाई विभिन्न क्षेत्रमा विनियोजन गर्नुपर्ने सरकारको बाध्यताका कारण पर्याप्तबजेटउपलब्धगराउननसकिएको उल्लेख गर्नुभयो । युवापुस्तामा राष्ट्रप्रतिको सेवा र समर्पित भाव जगाउनका निम्ति राष्ट्रिय सेवादलका क्षेत्रमा बढी बजेट विनियोजना गरिएको भन्दै यस वर्ष सात हजार चार सय सात जनालाई प्रशिक्षण दिइने योजना रहेको उहाँले सुनाउनुभयो। उहाँका अनुसार मुलुकभर हालसम्म ८२ हजार एक सय ८४ प्रशिक्षित भइसकेका छन्।

नेपालको संविधान, सैनिक ऐन, २०६३, प्रचलित सुरक्षासम्बन्धी कानुन तथा राष्ट्रिय सुरक्षा नीति, २०७५ अनुसार मुलुकको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि नेपाली सेना अहोरात्र समर्पित भई खटिँदै आएको मन्त्री उप्रेतीको भनाइ छ ।उहाँका अनुसार नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृङ्खलताको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मन्त्रिपरिषद्को निर्णयबमोजिम सम्माननीय राष्ट्रपतिबाट नेपाली सेना परिचालनको घोषणा हुने संवैधानिक व्यवस्था रहेको छ।

सेनाले वातावरण, प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताउँदै रक्षामन्त्री उप्रेतीले वन तथा पर्यावरण सुरक्षा, हिमाल सफाइ, ऐतिहासिक एवं पुरातात्त्विक महत्वका संरचनाहरूको सुरक्षा, चुरे संरक्षण, प्रकृति संरक्षणजस्ता तोकिएका अन्य प्रकृतिका कार्यहरूमा समेत परिचालन हुँदै आइरहेको उल्लेख गर्नुभयो ।काठमाडौं-तराई मधेस द्रुतमार्ग सडक आयोजना, ठूला र रणनीतिक महत्वका पूर्वाधारहरू तथा राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण मानिएका दुर्गम तथा पहाडी क्षेत्रको विकास, निमार्ण तथा विपद् व्यवस्थापन कार्यमा नेपाली सेना संलग्न हुँदै आएको छ।

**द्रुतमार्गमा कूल ६५ अर्ब २१ करोड खर्च : करिब ३५ प्रतिशत भौतिक प्रगति**

रक्षामन्त्री उप्रेतीका अनुसार नेपाली सेनाद्वारा निर्माणाधीन काठमाडौं-तराई-मधेस द्रुतमार्ग सडक आयोजनामा हालसम्म कूल ६५ अर्ब २१ करोड खर्च भई कूल भौतिक प्रगति ३४ दशमलव ८२ प्रतिशत रहेको छ । उक्त द्रुतमार्ग सडक आयोजनाको प्रारम्भिक लागत मूल्य अभिवृद्धिकर तथा कन्टिजेन्सीसहित रु दुई खर्ब १३ अर्ब ९५ करोड रहेकामा अघिल्लो वर्ष साउनमा गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पुनरावलोकनपश्चात् रु दुई अर्ब दुई करोड घट्न गई संशोधित लागत रु दुई खर्ब ११ अर्ब ९३ करोड हुन आएको छ। रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : बौद्धिक क्षमता। |
| कंकट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : धन वृद्धि सञ्चय। |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नेपाल-चीनबीचको सम्बन्ध नयाँ उचाइमा पुगेको छः उपाध्यक्ष सुवेदी

काठमाण्डु । राष्ट्रियसभाका उपाध्यक्ष विमला सुवेदीले पञ्चशीलको सिद्धान्तमा आधारित विदेश नीति सञ्चालन गर्दै आएका नेपाल र चीनबीचको सम्बन्ध जनस्तरमा नयाँ उचाइमा पुगेको बताउनुभएको छ।

सिछुवान-नेपाल प्राविधिक सहकार्य प्रवर्द्धन सम्मेलनलाई आइतबार सम्बोधन गर्दै उहाँले द्विपक्षीय सम्बन्ध पारस्पारिक सहयोगमा आधारित सम्बन्धलाई व्यापार, लगानी, ज्ञान र सीप आदानप्रदान माध्यमबाट महत्वपूर्ण आयाम प्रदान गरेको बताउनुभयो।

उपाध्यक्ष सुवेदीले भन्नुभयो, "चीनले नेपालका विभिन्न क्षेत्रमा महत्वपूर्ण सहयोग पुर्‍याउँदै आएको छ । चीनको आर्थिक-सामाजिक विकास निकै लोभलाग्दो र अनुकरणीय छ।" सूचना र प्रविधिको चमात्कारिक विकासका दृष्टिले विश्व एक गाउँमा रुपान्तरण हुँदै गएको प्रसङ्ग उल्लेख गर्दै उहाँले चीनसँग नेपालको दिगो र सन्तुलित विकासका लागि स्रोत व्यवस्थापनसहित उल्लेख्य भूमिका अपेक्षा गरिएको बताउनुभयो।



नेपाल पनि छिट्टै अति-कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा उक्लिने चरणमा रहेको अवस्थामा यस यात्रालाई सार्थक बनाउन चिनियाँ सहयोग महत्वपूर्ण र आवश्यक रहेको बताउँदै उहाँले चिनियाँ सहयोगको दायरा अझै फराकिलो हुँदै जानेमा विश्वास व्यक्त गर्नुभयो।

चिनियाँ जनराजनीतिक परामर्शदातृ सम्मेलन, सिचुआन प्रान्तीय समितिका उपाध्यक्ष से साङह्वाले चीन र नेपाल एकअर्कालाई सम्मान र विश्वास गर्ने असल मित्र, असल साझेदार र असल छिमेकी भएको बताउनुभयो । उहाँले भन्नुभयो, "दुई राष्ट्र प्रमुखको रणनीतिक निर्देशनमा सिचुआन-नेपालको सम्बन्ध निरन्तर उकालो लागेको छ, आर्थिक र व्यापारिक सहयोग झन् घनिष्ट भएको छ, सांस्कृतिक आदान-प्रदान र सहयोगले सकारात्मक नतिजा हासिल गरेको छ।"

सिचुआन र नेपाल हिमाल र नदीहरूले जोडिएको ऐतिहासिक सम्बन्ध रहेको उल्लेख गर्दै उपाध्यक्ष साङह्वाले हामी नेपालसँग विज्ञान तथा प्रविधि, ऊर्जा र अन्य क्षेत्रमा सहयोग सुदृढ गर्न प्रतिबद्ध रहेको बताउनुभयो।

सिचुआन र नेपालबीचको वैज्ञानिक र प्राविधिक ऊर्जा सहयोगलाई प्रवर्द्धन गर्ने कार्यक्रममार्फत नेपालको बजार माग र लगानीको वातावरण बुझ्न सक्षम हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। उपाध्यक्ष साङह्वालले भन्नुभयो, "विज्ञान, प्रविधिको क्षेत्रमा सिचुआन-नेपाल सहयोग प्रवर्द्धन गर्न दोस्रो 'बेल्ट एण्ड रोड' विज्ञान तथा प्रविधि आदानप्रदान तथा सहयोग सम्मेलनले दुवै मुलुकबीच विज्ञान, प्रविधि, अर्थतन्त्र, व्यापार र मानविकीका क्षेत्रमा सहयोग प्रवर्द्धन गर्न भूमिका खेल्नेछ।" नेपालका लागि चीनका राजदूत छेन सोङले चीन र नेपाल रणनीतिक साझेदार र मित्रवत् छिमेकी भएकाले चीनले नेपालसँगको आफ्नो सम्बन्धलाई ठूलो महत्व दिएको बताउनुभयो। उहाँले हालैका वर्षहरूमा सिचुआन प्रान्त र नेपालबीचको वैज्ञानिक र प्राविधिक आदानप्रदान र सहयोग झनै नजिक भएकाले दुवै पक्षलाई पारस्परिक लाभकारी सहयोगलाई अझ गहिरो बनाउन राम्रो आधारशिला खडा गरेको बताउनुभयो।

विज्ञान र प्रविधि चीन निर्माणको जग र राष्ट्रिय समृद्धिको आधार भएको बताउँदै राजदूत सोङले हालैका वर्षमा चीनले विज्ञान र प्रविधिमा आत्मनिर्भर र परिष्करणको प्रयासलाई तीव्रता दिएको बताउनुभयो। चीनले अनुसन्धान तथा विकासमा गर्ने लगानी विश्वमा दोस्रो स्थानमा रहेको र अनुसन्धान र विकासमा संलग्न जनसङ्ख्याको हिसाबमा विश्वमा पहिलो स्थानमा रहेको सो अवसरमा जानकारी दिइयो।

नवप्रवर्तन-सञ्चालित विकास रणनीतिमा निरन्तर गतिशील हुँदै जाँदा चीन नवप्रवर्तनशील देशहरूको सूचीमा प्रवेश गरेको उल्लेख गरियो। चीनको वैज्ञानिक र प्राविधिक शक्तिको सुधारले चिनियाँ जनतालाई मात्र होइन, अन्तर्राष्ट्रिय समुदायलाई पनि फाइदा पुर्‍याइरहेको प्रसङ्ग उल्लेख गर्दै राजदुत छेन सोङले हाल चीनले एक सय ६० भन्दा बढी देश र क्षेत्रहरुसँग वैज्ञानिक र प्राविधिक सहयोग सम्बन्ध स्थापित गरेको जानकारी दिनुभयो।

राजदूत सोङले चीनले अन्य देशहरूसँग अझ खुला रूपमा वैज्ञानिक र प्राविधिक र नवप्रवर्तन सहयोगलाई सुदृढ गर्दै नेपाललगायतका विकासशील मुलुकसँग वैज्ञानिक र प्राविधिक विकासको लाभांश बाँड्ने काम जारी राख्ने बताउनुभयो। चीन-नेपाल वैज्ञानिक र प्राविधिक सहयोगले लोकप्रिय रहेको जनाउँदै उहाँले विश्वव्यापी विकास पहलहरू कार्यान्वयन गर्न र मानव जातिको साझा भविष्यको साथ साझा समुदाय निर्माण गर्न दुवै पक्षको संयुक्त प्रयासको ज्वलन्त प्रतीक स्पष्ट गर्नुभयो।

राजदूत सोङले दुई देशका नेताबीच भएको महत्वपूर्ण सहमतिलाई कार्यान्वयन गर्न, 'बेल्ट एण्ड रोड'को उच्च गुणस्तरको संयुक्त निर्माणलाई अवसरका रूपमा लिन, सहयोगका बिन्दुहरू विस्तार गर्न र सहयोगका लागि नयाँ गतिको विकास गर्न नेपाली जनताको हितमा चीन नेपालसँग काम गर्न इच्छुक रहेको स्पष्ट पार्नुभयो।

चीनका लागि नेपालका पूर्वराजदूत लिलामणि पौडेलले विज्ञान र प्रविधिले कुनै पनि समाज र कुनै पनि देशको समृद्धि र विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने हुँदा नेपाल पनि त्यसबाट अपवाद हुन नसक्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "कृषि, सौर्य ऊर्जा, अटोमोबाइल, डाटा विज्ञान, उत्पादन मेसिन र उपकरणलगायत नयाँ ऊर्जा चीनले कुशल प्रविधिको विकासमा चमत्कार गरेको छ भने यता नेपाल नवीकरणीय ऊर्जा, उच्च मूल्यका कृषि बाली, औषधीय जडीबुटी, तथ्याङ्क विज्ञान लगायतका कृतिम विकास गर्ने अपार सम्भावना छ।रासस

# बिरुवा हुर्काउनेलाई पुरस्कृत गरिने




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री त्रिभुवन साहले रुखका बिरुवा हुर्काउनेलाई पुरस्कृत गर्ने बताएका छन्।

मिथिला नगरपालिकास्थित ढल्केबरमा वन निर्देशनालय मधेश प्रदेशद्वारा आयोजित सामुदायिक वनसम्बन्धी कार्यशाला गोष्ठीमा उनले सार्वजनिक स्थानमा पाँच वर्षसम्म बिरुवा हुर्काउनेलाई एक बिरुवा रोपेमा एक सय रुपैयाँ दिइ पुरस्कृत गर्ने बताए।

हरियाली प्रवर्द्धन गर्न असार १५ गते वृक्षरोपण अभियानको उद्घाटन गर्न लागिएको बताउँदै मन्त्री साहले उचित संरक्षणको अभावमा रोपिएका बिरुवा सुकेर खेर जाने जस्ता समस्या देखिएकाले बिरुवा संरक्षण गर्नेलाई पुरस्कार प्रदान गर्ने व्यवस्था गरिएको बताए। उनले भने, "बिरुवा रोप्नु मात्र ठुलो कुरो होइन, संरक्षण गर्नु ठुलो हो।"

डिभिजन र सबडिभिजन वन कार्यालयमार्फत निःशुल्क बिरुवा वितरण गरी एक नागरिक एक वृक्षरोपण अभियान चलाउने तयारी गरिएकाले सो अभियानमा सहभागी हुन मन्त्री साहले सबैलाई आग्रह गरे।

वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यविधि २०८१ स्वीकृत भइसकेकाले वन पैदावरमा आधारित उद्योगलाई सहज रूपमा कच्चा पदार्थ उपलब्ध गराउन सकिने र वनको उत्पादकत्वमा वृद्धि गरी प्रदेशवासीलाई काठ दाउराको सहज आपूर्तिको व्यवस्था मिलाई विदेशी काठको आयातलाई निरुत्साहित गरिने मन्त्री साहको भनाइ छ।

मन्त्री साहले पानीको जलस्तर उकास्न, तराईलाई मरुभूमीकरणबाट बचाउन चुरे क्षेत्रमा एकीकृत भूसंरक्षण, आकस्मिक भूसंरक्षण, नदी किनारको कटान नियन्त्रण, सहरी जलाधार व्यवस्थापन, गल्छी पहिरो नियन्त्रण, जलाशय निर्माण जस्ता कार्य गरी भू तथा जलाधार क्षेत्रमा सुधार ल्याउने बताए।

# विकासको बहस काम गरेर मात्रै पूरा हुन्छः कांग्रेस नेता डा रिजाल



काठमाण्डु । नेपाली कांग्रेसका नेता एवं पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्री डा मीनेन्द्र रिजालले विकासको बहस काम गरेर मात्रै पूरा हुने बताउनुभएको छ।

राष्ट्रिय समाचार समिति (रासस) द्वारा गणतन्त्र दिवसका अवसरमा आयोजित 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' तस्बिर प्रदर्शनीको आइतबार अवलोकन गर्नुहुँदै उहाँले ठूला ठूला विकास साना कामबाट हुने भएकाले त्यो देखाउन प्रदर्शनी सफल रहेको बताउनुभयो । गणतन्त्र नेपालको स्तम्भबाट प्रदर्शनी सुरु भएको उल्लेख गर्नुहुँदै नेता रिजालले पूर्वाधारमा महिलाको सहभागितालाई पनि प्रदर्शनीले समेटेर राम्रो सन्देश दिन खोजेको उहाँले बताउनुभयो।

पूर्वमन्त्री रिजालले यी तस्बिरलाई श्रव्यदृश्यकै माध्यमबाट देखाउनसके अझ प्रभावकारी भई गणतन्त्रका उपलब्धि जीवन्तरुपमा जनसमक्ष आउने विचार व्यक्त गर्नुभयो। "गणतन्त्र स्थापनापछि भौतिक विकासले निकै फड्को मारेको छ। सुरुङ, सडकबाटो, सिँचाइ, जलविद्युत्, सूचना तथा सञ्चार, स्वास्थ्य, शिक्षालगायत हरेक क्षेत्रमा काम भएका छन्। विकासको बहस काम गरेर पूरा हुन्छ बहस गरेर होइन भन्ने प्रष्ट पार्न पनि प्रदर्शनी सफल भएको छ । यसलाई श्रव्यदृश्यमार्फत जनसमक्ष देखाउन सके अझै राम्रो सन्देश जान्थ्यो", उहाँले भन्नुभयो। तस्बिर प्रदर्शनीको आजै सूचना तथा प्रसारण विभागका महानिर्देशक बलराम रिज्याललगायतको टोलीले पनि अवलोकन गरेको छ। गत जेठ १० गतेदेखि सुरु भएको प्रदर्शनी सोमबारसम्म चल्ने छ।रासस

# पर्यटकीय गन्तव्य बन्दै ठोरी

वीरगञ्ज । विसं २०२५ मा सिन्धुपाल्चोकको साबिकको हरजङ्ग गाविसका लालबहादुर श्रेष्ठ पाँच वर्षकै उमेरमा आफ्नो बुबाआमाका साथमा लागेर त्यतिबेलाको चितवनको ठोरी गाविसमा नयाँ बस्ती बसाल्न आउनुभयो।

तत्कालीन राजा महेन्द्रले भारतीय अतिक्रमणबाट ठोरीलगायत आसपासको जङ्गल जोगाउनकै लागि भनेर नयाँ बस्ती बसाल्ने योजना सारेसँगै श्रेष्ठसहितका व्यक्तिहरु आधा दर्जनभन्दा धेरै पहाडी जिल्लाबाट बसाइँ सरेर आउने लहर चल्यो। सोही क्रममा सिन्धुपाल्चोक, चितवन, मकवानपुर, पर्वत, गोरखा, लमजुङ, रामेछाप, दोलखालगायत जिल्लाबाट ठोरीको आसपासमा रहेका निर्मलबस्ती, सुवर्णपुरलगायत बस्तीमा आएर बसोबास गर्न थालेका थिए।




पाँच वर्षको उमेरमा सिन्धुपाल्चोकबाट ठोरी झर्नुभएका श्रेष्ठ यहाँ आएको ५४ वर्षपछि नै ठोरी गाउँपालिकाको अध्यक्षमा निर्वाचित हुनुभयो । "सिन्धुपाल्चोकको बराम्चीबाट मेरा मामाहरु २०२१ सालमा नै ठोरीमा झर्नुभऱ्यो।

मामाहरुकै जोडबलकै कारणले २०२५ साल मलाई पनि साथमा लिएर मेरो बुबाआमा पनि ठोरीमा आउनुभएको हो," विगत स्मरण गर्दै अध्यक्ष श्रेष्ठले भन्नुभयो, "हामीले सानो हुँदा ठोरी आसपासको जङ्गल जोगाउनकै लागि ल्याइएको भन्ने सुन्दै आइरहेको छु।"

सुरुआती समयमा त ठोरीबाट सदरमुकाम चितवन पुग्न निकै कठिन थियो । बाटोको असहज सुविधा, अन्कन्टार जङ्गल नै जङ्गलको यात्रा गर्नुपर्ने अर्को बाध्यता पनि थियो । तत्कालीन ठोरीको बस्तीमा बसेका बासिन्दालाई चितवन जिल्ला सदरमुकाम जानभन्दा पर्साको सदरमुकाम वीरगञ्ज जान सहज हुने भन्दै सीमा पुनर्गठन समितिले २०३४/३५ सालमा ठोरीलाई पर्सा जिल्लामा गाभेको थियो। "पहिला त ठोरीको दुःखको कुरै नगरौं। सीमावर्ती क्षेत्रका डाकुले लुटपाट गरेर हैरानै पार्ने गर्थे," अध्यक्ष श्रेष्ठले भन्नुभयो, "सडक यातायातको असुविधाको कारणले धेरै नै दुःखको हन्डर खाइयो। हामी आएको ५६ वर्षमा अहिले ठोरीको स्वरुप धेरै फेरिएको छ।"

ठोरीबाट वीरगञ्जसँग कालोपत्रसहितको दुई लेनको चौडा सडक बनेको छ। त्यति मात्रै होइन, चितवन छिचोल्ने कच्ची सडकसमेत तयार भइसकेको छ। उतिबेला राजा महेन्द्रले विभिन्न पहाडी जिल्लाबाट ल्याएर बसालेको बस्ती अहिले पर्यटकीय आकर्षणको केन्द्र बन्ने वातावरण बन्दै आइरहेको छ।तराई/मधेसमा मधेस पर्ने भए पनि ठोरी गाउँपालिका भने पहाडैपहाडले घेरिएको मनोरम उपत्यका हो । समृद्धि ठोरी अभियानका संयोजक प्रकाश खनालले चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज र भारतको वाल्मीकि रिजर्भ एरियाको सङ्गमस्थलमा पर्ने भएकाले पनि वन्यजन्तु तथा पर्या-पर्यटनका लागि उपयुक्त स्थल भएको बताउनुहुन्छ।

"ठोरीमा पर्याप्त मात्रामा पर्यटकीय सम्भावना हुँदाहुँदै पनि पूर्वाधारको अभावका कारण पर्यटकीय गतिविधि चाहेजति बढाउन सकिरहेका छैनौं," उहाँले भन्नुभयो, "सुविधासम्पन्न होटल तथा अन्य पूर्वाधार नहुँदा पर्यटकलाई यही क्षेत्रमा अड्याउन भने सकिरहेका छैनौं।" उहाँले वन्यजन्तु पर्यटन र ऐतिहासिक गन्तव्य भएकाले पनि पर्यटनको प्रचुर सम्भावना रहेर पनि सङ्घीय र प्रदेश सरकारले पर्यटन पूर्वाधार निर्माणमा अपेक्षाकृत सहयोग नगरेको गुनासो गर्नुभयो।

नाकाबन्दीको समयमा ठोरी नै मुलुकभर पेट्रोलियम पदार्थ उपलब्ध गराउने अनौपचारिक नाका जस्तै भयो। त्यसैमा पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पाटी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले राम भगवान ठोरीमा जन्मिएको अभिव्यक्ति दिएसँगै यसको चर्चा-परिचर्चा धेरै हुन थाल्यो । यहाँ राईधारा वनभोजस्थलका रुपमा निकै चर्चित छ। सेतो पहाड, गोले डाँडा, रातो पहाड, सिनेही पहाड, स्टोनपार्क, रानीवन, अमृतधारा, चिसापानी, सीतागुफा, वनशक्ति मन्दिर, बाघमोर्चा मन्दिर, सिकारीबासलगायत चार दर्जनभन्दा धेरै पर्यटकीयस्थल रहेका छन्।

ठोरी गाउँपालिका-२ मा रहेको भ्यूटावरबाट पनि सूर्योदय र सूर्यास्तको दृश्य हेर्न पाइने भएकाले पनि पर्यटकको आकर्षण बढेको छ। पर्यटकीय गतिविधि फस्टाउन थालेसँगै बिस्तारै यहाँ होटल तथा रेष्टुरेन्ट खुल्ने क्रम पनि बढ्दै गइरहेको छ। ठोरी गाउँपालिकामा दुई वर्षदेखि सुविधासम्पन्न ठोरी जङ्गल रिसोर्ट पनि सञ्चालनमा आइरहेको छ।

ठोरी जङ्गल रिसोर्टका सञ्चालक सुदीप थापा ठोरीमा भारतीय र स्वदेशी पर्यटकको आवागमन पछिल्ला वर्षमा धेरै बढेको बताउनुहुन्छ । "हामीले दुई वर्षअघि ठूलो जोखिम मोलेर करिब सात करोड लगानीमा रिसोर्ट सञ्चालनमा ल्याएका थियौं । यहाँ स्वदेशी तथा विदेशी पर्यटकको आवागमनले पर्यटनको 'अफ सिजन'मा पनि पर्यटकको कुनै अभाव छैन," सञ्चालक थापाले भन्नुभयो, "वन्यजन्तु पर्यटनका लागि प्रचुर सम्भावनाको क्षेत्र भए पनि सरकारले आधारभूत पर्यटकीय पूर्वाधार निर्माण नगर्दा भने अपेक्षित रुपमा पर्यटन क्षेत्रको विकास हुन सकिरहेको छैन।"

ठोरीमा कति पर्यटक आउँछन् भन्ने यकिन तथ्याङ्क छैन। यद्यपि, ठोरी जङ्गल रिसोर्टले भने गत आर्थिक वर्षमा ६२ हजार पर्यटकले रिसोर्ट घुमेको दाबी गर्छ। रिसोर्टका सञ्चालक थापाले रिसोर्टमा गत वर्ष मात्रै ४८ हजारभन्दा धेरै ग्राहक आएको बताउनुभयो । सञ्चालक थापा ठोरीमा भारतीयको सीमावर्ती सहर जमुनिया, नरकटियागञ्ज, रामनगर, रक्सौल, सुगौली र मुजफ्फरपुर र पटनालगायत भारतीय पर्यटकलाई आकर्षित गर्न सकिने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "प्रायः शनिबार र आइतबार बिदा मनाउन आउने पर्यटकलाई आकर्षित गर्न सकिएमा पनि धेरै राहत पुग्नेछ।" रासस

# 'भाषा साहित्य संरक्षणमा प्रतिष्ठानको भूमिका महत्वपूर्ण'

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले सबै भाषा, साहित्य, संस्कृतिको संरक्षण प्रवर्द्धन र प्राज्ञिक अनुसन्धानका क्षेत्रमा नेपाल प्रज्ञा-प्रतिष्ठानले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभएको छ।

नेपाल प्रज्ञा-प्रतिष्ठानको ६७औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उहाँले प्रज्ञा-प्रतिष्ठान नेपालका सबै भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र तथा सामाजिकशास्त्रसम्बन्धी अध्ययन, अन्वेषण गर्ने साथै मौलिक सिर्जना एवं अनुवादको काम गर्ने नेपालको सर्वोच्च निकाय भएको धारणा राख्नुभयो । मन्त्री तामाङले साहित्यकार, अन्वेषकलगायत वाङ्मय क्षेत्रका प्रतिभाहरुको सम्मान गर्ने तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा प्राज्ञिक गतिविधिको सञ्चालन गर्न पनि प्रतिष्ठानले भूमिका खेलिरहेको उल्लेख गर्नुभयो।

नेपालमा बोलिने सबै भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र, दर्शनको संरक्षण, संवर्द्धन र विकासमा सरकार सचेत र प्रतिबद्ध रहेको भन्दै उहाँले अहिले विश्वव्यापी रूपमा देखापरेको आर्थिक संकटबाट नेपाल पनि प्रभावित भएको बताउनुभयो। "नेपाल प्रज्ञा प्रतिष्ठानमार्फत भाषा, साहित्य, संस्कृति, दर्शनको विकासमा अधिकतम सहयोग गर्ने र त्यसका लागि बजेटको व्यवस्था गर्ने प्रयास गरिरहेको छु", उहाँले भन्नुभयो, "प्रतिष्ठानले नेपालको मौखिक इतिहासको खोजी गर्ने, मातृभाषाको संरक्षण र संवर्द्धन, बालसाहित्यको विकास गर्ने लक्ष्य लिएको छ।"

मन्त्री तामाङले सातवटै प्रदेशका भौगोलिक, सामाजिक, सांस्कृति, ऐतिहासिक, भाषिक, साहित्यिक विषयको खोज अन्वेषण गरी दिग्दर्शनहरू प्रकाशित गर्न लागेको पनि जानकारी दिनुभयो । नेपाल प्रज्ञा-प्रतिष्ठान विसं २०१४ मा नेपाली साहित्य-कला एकेडेमीका नाममा स्थापना भएको थियो भने नेपाल एकेडेमी, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान हुँदै नेपाल प्रज्ञा-प्रतिष्ठान भएको हो। वार्षिकोत्सवका राष्ट्रिय कविता महोत्सव गरेको थियो । महोत्सवमा छ सयभन्दा बढी कविले भाग लिएका थिए।रासस


## राजर्षिजनक विश्वविद्यालय
### उपकुलपतिको कार्यालय
### जनकपुरधाम, धनुषा

**सूचना**

**प्रकाशन मितिः २०८१/०३/०८**

राजर्षिजनक विश्वविद्यालय अन्तर्गत संचालित शैक्षिक कार्यक्रमहरु (BBA, MBA, BCA, BSc. CSIT, BALLB, BPH र BSc. MLT) उपयुक्त ठहरिएको क्याम्पसलाई तोकिए वमोजिम सम्बन्धन प्रदान गर्ने प्रावधान अनुसार निजी, सार्वजनिक, सहकारी र अन्य प्रकारको साझेदारी तथा वैदेशिक लगानीमा संचालित क्याम्पसलाई सम्बन्धन लिनकालागि राजर्षिजनक विश्वविद्यालय कार्यकारी परिषद्द्वारा स्वीकृत "सम्बन्धन सम्बन्धि कार्यविधि २०८१" अनुसार मिति २०८१/०३/०९ देखि २०८१/०३/२३ सम्म आवेदन आह्वान गरिएको छ। "सम्बन्धन सम्बन्धि कार्यविधि २०८१" विश्वविद्यालयको website: www.rju.edu.np बाट डाउनलोड गर्न सकिनेछ। अन्य विस्तृत जानकारीका लागि विश्वविद्यालयमा सम्पर्क गर्न सकिनेछ।

**सम्पर्क** : info@rju.edu.np, +9779851274033

उपकुलपति



आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि है।

विशेष यात्रा सेवा। शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस।




टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे।






प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

# पालिका सभा समयमै गर्नुपर्छ

संघीय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम तथा बजेट सार्वजनिक भइसकेपछि पालिकाहरुले असार मसान्त भित्र नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गर्नुपर्ने प्रावधान छ ।

स्थानीय निकायले समयमै नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गर्न सके आगामी आर्थिक वर्षको विकास निर्माण लगायतका कार्यहरु प्रभावित हुनेछ । मधेश प्रदेशमा धमाधम पालिका सभाहरु भइरहेका छन् । केही पालिकाहरुमा प्रमुख र उपप्रमुख, अध्यक्ष र उपाध्यक्षबीच विवाद रहेको कारण पालिका सभा हुनेमा संशय देखिएको छ । तर आपसी विवादलाई थाँती राखेर पालिका सभा सम्पन्न गर्न आवश्यक छ । आन्तरिक विवादलाई विकास अवरुद्ध गरी जोड्न हुँदैन् । विकास निर्माणको कार्यमा सबैले एकजुट भएर लाग्नु पर्छ । पालिकाको विकासका लागि राजनीति स्वार्थ र दलगत भावना भन्दा माथि उठ्न सके नमुना पालिका बनाउन सकिन्छ । विकासका लागि जनप्रतिनिधिहरुबीच प्रतिष्पर्धा हुनुपर्छ । एउटा पालिकाले गरिरहेको काम भन्दा आफ्नो पालिकालाई उत्कृष्ट बनाउने सकारात्मक सोच जनप्रतिनिधिहरुमा हुनु आवश्यक छ । गत वर्ष असारमा केही पालिकाहरुमा आन्तरिक विवादको कारण सभा समयमा हुन सकेन । त्यसको असर चालु आर्थिक वर्षभर देखियो । मधेश प्रदेशमा पालिकाहरुमा राजनीतिक भन्दापनि व्यक्तिगत र पदीय टकरावको अवस्था देखिन्छ। कानुनले निर्धारण गरे बमोजिमको अधिकार उपभोग गर्दा पदाधिकारीहरुबीच विवाद हुने संभावना ज्यादै कम रहन्छ । राजनीतिक आस्थाको आधारमा नभई कानुन र व्यवहारलाई बुझेर सबै विकास निर्माणका लागि जुट्नु पर्छ । पालिकाका वडा अध्यक्ष, उप प्रमुख, उपाध्यक्ष र प्रमुख, अध्यक्षहरुको अधिकारको तुलनामा प्रदेश सभासद र संघीय सांसदको अधिकार शून्य छ। उनीहरुले कुनै बजेट चलाउन पाउँदैनन् । पालिकाका जनप्रतिनिधिहरुले आपसी तालमेल गरी विकासका लागि अग्रसर भए विकास गर्ने साधन स्रोतको अभाव हुने छैन । पालिकाको बजेटलाई मात्र सदुपयोग गर्न सके पाँच वर्षमा नमुना पालिका बनाउन सकिन्छ। पालिकाको सभा गर्न जनप्रतिनिधिहरुले आपसमा सहयोग र सहकार्य गर्नुपर्छ । योजनाको बाँडफाँटलगायतका विषयमा विवाद हुनु हुँदैन। हरेक वडालाई समानुपातिक आधारमा बजेट विनियोजन गर्नुपर्छ। केही विशेष किसिमको वडा भए त्यसलाई महत्व दिनुपर्छ। मेयर उपमेयर र अध्यक्ष उपाध्यक्षले योजनामा काखापाखा गर्न हुँदैन। दलगत विभेद नगरी भए पनि विवाद हुने सम्भावना कम रहन्छ। आफ्नो पालिकालाई सुन्दर र विकसित बनाउन सबैले योगदान गर्नुपर्छ। जनप्रतिनिधि जनताका अगुवा हुन्। उनीहरुले आफ्नो जिम्मेवारीको बोध गर्नुपर्छ।

# कति जोखिममा छन् नेपालका हिमाल?



डा. मुकेशराज काफ्ले

जलवायु परिवर्तनको मुद्दा आधुनिक विश्वको 'हट केक' हो। समग्र विश्व र मानव सभ्यता नै यसबाट प्रभावित छ। त्यसमध्ये प्राकृतिक स्रोतमा आधारित अर्थतन्त्र र जनजीवन भएका अल्पविकसित मुलुकहरू सबभन्दा बढी चपेटामा परेका छन्। ती मुलुकमध्ये नेपाल पनि एक हो।भूपरिवेष्टित मुलुक नेपालको उत्तरतर्फ सर्वोच्च शिखर सगरमाथासहित विश्वका दस अग्ला हिमालमध्ये ८ वटा छन्। ती हिमालको काखमा ठूलो संख्यामा हिमनदी र हिमतालहरू छन्। ती हिमनदी र हिमतालहरू नेपालका ठूला बाह्रमासी नदीका र भारतको गंगा नदीको बहावका मुख्य स्रोत हुन्। हिमालमा हुने जलवायु परिवर्तनले क्षेत्रीय जलस्रोतको उपलब्धता र सन्तुलनमा ठूलो असर गर्ने देखिएको छ।

सिद्धान्ततः नेपाल सबट्रपिकल जलवायु क्षेत्रमा पर्ने भए पनि विशिष्ट भौगोलिक बनावटका कारण उत्तर-दक्षिणको करिब १४० किलोमिटर चौडाइमा जलवायु र पारिस्थितिक प्रणालीमा ठूलो विविधता भेटिन्छ।

दक्षिणतर्फ सबट्रपिकल जलवायुको प्रभाव रहँदा उत्तरतर्फ आर्कटिक जलवायु हाबी छ। नेपालको गर्मी यामको जलवायु दक्षिण-पूर्वी मनसुनबाट प्रभावित छ। यसकारण जुनदेखि सेप्टेम्बरसम्म वर्षा हुन्छ। मनसुनी वर्षा कृषि तथा जलस्रोतको महत्त्वपूर्ण अवयव हो।

नेपालको वार्षिक औसत वर्षा एक हजार ७६८ मिलिमिटर (मिमी) मापन गरिएको छ। भौगोलिकता अनुसार करिब ७० देखि ८५ प्रतिशत वार्षिक वर्षा मनसुनमा हुन्छ।नेपालमा मनसुनको प्रवेश पूर्वी-दक्षिण भागबाट हुने र क्रमशः पश्चिमतर्फ बढ्ने भएकाले अन्य भागको तुलनामा पूर्वी-दक्षिण भूभागमा बढी वर्षा मापन हुन्छ। उच्च भौगोलिक भिन्नताका कारण ठाँउअनुसार वर्षाको प्रकृतिमा फरक पर्छ।

अन्नपूर्ण हिमालको दक्षिणमा समुद्री सतहभन्दा एक हजार ६४२ मिटर उचाइमा अवस्थित लुम्लेमा वार्षिक पाँच हजार मिमी वर्षा मापन हुँदा यसको ठीक उत्तरतर्फ दुई हजार ७५० मिटर उचाइमा रहेको जोमसोममा वार्षिक वर्षा सरदर २५० मिमी मात्र रेकर्ड गरिएको छ।उच्च हिमाली भेगमा मनसुनी वर्षा हिँउका रूपमा हुँदा त्यसले हिमनदी निर्माणमा मद्दत गरेको हुन्छ।अर्कोतर्फ, जाडो यामको वर्षा पश्चिमी मौसम प्रणालीमा आधारित छ। यसको उत्पत्तिको स्रोत भूमध्य सागर मानिएको छ।

भूमध्य सागरमा निर्माण हुने न्यूनचापीय प्रणालीका कारण विकसित हुने मौसम पश्चिम हुँदै पूर्वतर्फ लाग्दा पश्चिमतर्फ बढी र पूर्वतर्फ कम हिउँदे वर्षा हुन्छ। हिउँ पनि पूर्वीतिर कम पर्छ।हिउँदे वर्षाले पश्चिम क्षेत्रमा वार्षिक औसत वर्षा मापन र हिमनदी निर्माणमा ठूलो योगदान गर्छ।जलवायु परिवर्तनको एक मुख्य सूचकांक तापक्रम हो। नेपालमा उच्चतम तापक्रम मे/जुन महिनामा रेकर्ड हुन्छ। अक्टोबरबाट तापक्रम घट्ने क्रमसँगै डिसेम्बर/जनवरीमा न्यूनतम तापक्रम मापन हुन्छ।

भैगोलिक उचाइसँगै तापक्रम घटबढ हुने हुँदा नेपालको सन्दर्भमा उत्तर-दक्षिणतर्फ तापक्रममा ठूलो फरक पाइन्छ। तराई-मधेस क्षेत्रमा अत्यधिक गर्मी हुँदा हिमालय क्षेत्रमा अत्यधिक चिसो महसुस हुन्छ।नेपालका विविध प्राकृतिक स्रोतहरूमध्ये जलस्रोत प्रमुख हो। नेपालमा ६ हजारभन्दा बढी नदीनालाहरूको सञ्जाल छ। नेपालको नदी प्रणालीलाई मुख्यतः कोसी, गण्डकी, कर्णाली र महाकाली गरी चार वटा बेसिनमा विभाजन गरिएको छ। बाह्रमासी प्रकृतिका यी नदीहरूको वहावको मूल स्रोत हिमाल नै हुन्।

अर्कोतर्फ बबई, पश्चिम-राप्ती, बागमती, कमला, कन्काई र मेची नदी मध्यपहाडमा उत्पत्ति भई उल्लिखित चार नदीहरूमै समाहित हुन्छन्। यसबाहेक सोही प्रकृतिका आँधीखोला, रिडी, रोशी, पिखुवा, पूर्वी-राप्ती, त्रिजुगा लगायत पनि यी चार नदीका सहायक नदी हुन्। यसका साथै ठूलो संख्यामा नदीहरू चुरे/महाभारत क्षेत्रमा उत्पत्ति भई तराई-मधेस भएर बग्छन्।यी सबै नदीहरू अन्ततः गंगा नदीमा समाहित हुन्छन्। गंगा नदीको सुख्खा यामको ७० र वर्षा यामको ४५ प्रतिशत बहावको हिस्सा नेपाली नदीहरूको हुन्छ।

नेपालमा तापक्रम र वर्षा मापनमा सीमित तथ्यांक उपलब्ध छ। विभिन्न नदी बेसिनहरूमा स्थापित ४९ वटा मापन केन्द्रहरूको तथ्यांक विश्लेषण गर्दा सन् १९७० देखि प्रतिवर्ष अधिकतम तापक्रम वृद्धि ०.०४ डिग्री सेल्सियसले स्थिर देखिन्छ। यो तापक्रम वृद्धिको असर हिमाली र पहाडी क्षेत्रमा बढी महसुस हुँदा महाभारत र तराई क्षेत्रमा न्यून देखिएको छ। तापक्रमको यो वृद्धिले नेपालका हिमाली क्षेत्रका साथै तिब्बत र समग्र हिन्दकुश हिमालय क्षेत्र प्रभावित भएको छ।

हिमनदीहरू जलवायु परिवर्तनको असर मापन गर्ने उत्कृष्ट सूचक हुन्।हिमनदीको क्षेत्रफल, आयतन र मास सन्तुलनमा परिवर्तन आएको छ। एक अध्ययन अनुसार सन् १९७० मा नेपालका हिमालहरूमा तीन हजार २५२ वटा हिमनदी अस्तित्वमा थिए। यी हिमनदीको कुल क्षेत्रफल पाँच हजार ३२३ वर्गकिलोमिटर मापन गरिएको थियो।


सन् १९८० मा हिमनदीको संख्या बढेर तीन हजार ४३० वटा पुग्यो। सन् १९८० देखि २०१० सम्म हिमनदीको संख्या ११ प्रतिशत वृद्धि भई तीन हजार ८०८ वटा पुगेको तथ्यांक छ।बेसिनका हिसाबले कोसी बेसिनमा हिमनदीको संख्या १५ प्रतिशतले, गण्डकीमा १२ प्रतिशतले र कर्णालीमा ६ प्रतिशतले बढेको अध्ययनले देखाएको छ। संख्या बढे पनि हिमनदीको कुल क्षेत्रफलमा संकुचन आएको देखिन्छ।

सन् २०१० मा कोसी बेसिनमा हिमनदीको क्षेत्रफल एक हजार १०२ वर्गकिलोमिटर मापन गरिएको थियो। सोही वर्ष गण्डकी, कर्णाली र महाकाली बेसिनमा हिमनदीको क्षेत्रफल क्रमशः एक हजार ६६४, एक हजार २२ र ११२ वर्गकिलोमिटर कायम रहेको देखिन्छ।

सन् १९८० देखि २०१० सम्मको प्रवृत्ति अध्ययन गर्दा ती हिमनदीहरूको कुल क्षेत्रफल २४ प्रतिशतले घटेको देखिन्छ। बेसिनका आधारमा हेर्दा कोसी र कर्णाली बेसिनमा हिमनदीको क्षेत्रफल २६ प्रतिशतले र गण्डकीमा २२ प्रतिशतले संकुचन भएको देखिन्छ। समग्र नेपालको परिवेश हेर्दा सन् १९८० देखि २०१० सम्मको ३० वर्षमा हिमनदीको क्षेत्रफल ३३.७१ वर्गकिलोमिटर संकुचन भएको तथ्यांक छ।

यसमध्ये लोप भएका हिमनदीहरू तुलनात्मक रूपमा सानो आकारका र समुद्री सतहदेखि औसत पाँच हजार ३५१ मिटर उचाइमा अवस्थित देखिन्छन्। लोप भएका हिमनदीहरूको क्षेत्रफल ०.०३५ देखि १.६१ वर्गकिलोमिटरसम्म रहेको अध्ययनले देखाएको छ। उक्त अवधिमा गण्डकी बेसिनमा सबैभन्दा बढी १५.५७ वर्गकिलोमिटर क्षेत्रफल बराबर ६४ वटा हिमनदी लोप भए।

कर्णालीमा ८.७१ वर्गकिलोमिटर बराबर ४७ वटा, कोसीमा ८.१२ वर्गकिलोमिटर बराबर ४३ वटा र महाकालीमा १.३१ वर्गकिलोमिटर बराबर ९ वटा हिमनदी लोप भए। यसका साथै सन् १९७५ मा पूर्वीक्षेत्रमा रहेको कञ्चनजंघा हिमनदीको क्षेत्रफल ६०.५० वर्गकिलोमिटर मापन भएकोमा ३५ वर्षपछि सन् २०१० मा १.४० वर्गकिलोमिटरले कमी भई ५९.१० वर्गकिलोमिटर कायम भएको देखिन्छ।



सन् १९७७ मा मुस्ताङ उपत्यकामा सुषुप्त रहेका दसवटा हिमनदीको क्षेत्रफल १९.७९ वर्गकिलोमिटर रहेकामा सन् २०१० सम्म आइपुग्दा खुम्चिएर १५.४६ वर्गकिलोमिटरमा सीमित भएको अध्ययनले देखाएको छ। सन् १९८० देखि २०१० सम्म दूधकोसी, तमोर, मर्स्याङ्दी र कालीगण्डकी सब-बेसिनमा सबैभन्दा बढी हिमनदी लोप भएको देखिन्छ।

सन् २०१० को आधार वर्षमा नेपालको हिमालय क्षेत्रमा कुल बरफ सञ्चितिको आयतन ३१२.४२ घनकिलोमिटर रहेको तथ्यांक छ। यसको अर्थ सबै बरफ पग्लिँदा समुद्री सतह ०.७९ मिलिमिटर बढ्ने परिमाण हो। एक अध्ययन अनुसार सन् १९८० देखि २०१० सम्म नेपालको हिमालय क्षेत्रमा बरफको सञ्चिति १२८.८४ घनकिलोमिटर घटेको देखिन्छ। यो परिमाण प्रतिवर्ष ४.२९ घनकिलोमिटर हो। यसरी बरफ पग्लेका कारण सन् १९८० देखि २०१० सम्मको ३० वर्षमा समुद्री सतह ०.३२ मिमी वृद्धि भएको अनुमान छ।

बेसिनका आधारमा उक्त अवधिमा कोसीमा ४८.४५, गण्डकीमा ५०.७९, कर्णालीमा २५.७४ र महाकालीमा ३.९४ घनकिलोमिटर बरफको सञ्चिति घटेको अनुमान छ।जलवायु परिवर्तनका कारण हिमनदीहरू पग्लदै जाँदा प्राकृतिक हिमतालहरूको संख्या बढ्दै गएको देखिन्छ। सन् १९५० देखि हिमताल बन्ने क्रम बढेको भेटिन्छ।

सन् २०२० को तथ्यांक अनुसार नेपालको हिमालय क्षेत्रमा ०.१ देखि ७.२१ वर्गकिलोमिटरसम्म फैलिएका दुई हजार ४२० वटा हिमताल अस्तित्वमा छन्। सन् २००० देखि २०२० सम्मको २० वर्षमा हिमतालहरूको क्षेत्रफल ३१ प्रतिशत र आयतन ३८ प्रतिशतले बढेको देखिन्छ।सन् १९८७ देखिको प्रवृत्ति अध्ययन गर्दा हिमतालहरूको क्षेत्रफलको वार्षिक वृद्धि दर ०.८३ प्रतिशत छ। यो वृद्धिदर सम्पूर्ण हिमालय क्षेत्रको वार्षिक वृद्धि दर ०.५६ प्रतिशतभन्दा बढी हो।

सन् १९८७ देखि २०१७ सम्मको अवधिमा सबैभन्दा बढी कोसी बेसिनमा हिमतालहरूको क्षेत्रफल वार्षिक ०.३ वर्गकिलोमिटरले वृद्धि भएको छ। सोही अवधिमा हिमतालहरूको क्षेत्रफलको वार्षिक वृद्धिदर गण्डकीमा ०.११ वर्गकिलोमिटर र कर्णालीमा ०.१३ वर्गकिलोमिटर छ।हिमनदी पग्लेर हिमतालको क्षेत्रफल र आयतन वृद्धि हुँदै जाँदा हिमताल बिस्फोटको जोखिम पनि बढ्दै छ। विस्फोटबाट तल्लो तटीय क्षेत्रमा ठूलो जनधन र भौतिक संरचनाको क्षति हुने आकलन छ। नेपालको सन्दर्भमा विगतमा थुप्रै हिमताल विस्फोटका घटना प्राकृतिक विपत्तिका रूपमा आइपरेका छन्। तीमध्ये सबैभन्दा पुरानो घटना ४७० वर्षअघि सेतीखोलामा माच्छापुच्छे ताल विस्फोटन भएको इतिहास छ।

यसबाहेक नेपालमा सन् १९७७ मा दूधकोसी बेसिनमा रहेको कोसीनरे ताल, सन् १९८० मा तमोर बेसिनमा रहेको नगमा पोखरी, सन् १९८५ मा दूधकोसी बेसिनमा रहेको डिग च्छो ताल, सन् १९९१ म तामाकोसी बेसिनमा चुबुङ ताल, सन् १९९८ मा दूधकोसी बेसिनमा तामपोखरी हिमताल विस्फोटका घटना मुख्य छन्।

नेपालको हिमालय क्षेत्रमा जलवायु परिवर्तनका सूचकांकहरू तापक्रम, वर्षाको प्रवृत्ति र मात्रामा विगत केही दशकदेखि तीव्र परिवर्तन आएको देखिन्छ। यस्तो परिवर्तनका कारण एकातिर हिमनदीहरू पग्लिँदै जाँदा क्षेत्रफल खुम्चिँदै गएको छ। अर्कोतिर हिमतालहरूको क्षेत्रफल र आयतन बढ्दै छ। यसले हिमताल विस्फोटको जोखिम बढाएको छ।ठूलो परिमाणमा बरफ पग्लँदा समुद्री सतहसमेत बढ्दै गएको छ। यो क्रम जारी रहेमा आउँदो ३५ वर्षमा दक्षिण एसियाका बंगलादेश र मालदिभ्सको २० प्रतिशत भूभाग थप डुबान हुनेछ र त्यसबाट एक करोड ८० लाख जनसंख्या विस्थापित हुने प्रक्षेपण छ।

नेपालको हिमालय क्षेत्रमा अहिले पनि ३९ वटा हिमतालहरू विस्फोटको उच्च जोखिममा छन्। यी हिमतालहरू विस्फोट भएमा नदीतट क्षेत्रमा बनेका जलविद्युत, सिँचाइ, सडक, पुल लगायत भौतिक संरचनाहरूमा ठूलो क्षति पुग्नेछ । यस्तो परिस्थितिमा हिमतालहरूको निरन्तर अनुगमन र जोखिम विश्लेषण आवश्यक छ। जलवायु परिवर्तनका कारण हिमालहरू असुरक्षित रहँदा अल्पविकसित मुलुक नेपालले ठूलो मूल्य चुकाउनुपर्नेछ। अन्तर्राष्ट्रिय मञ्चमा यो विषय गम्भीरतापूर्वक उठान गरी आसन्न प्राकृतिक विपत्तिबाट हिमालय सुरक्षित गर्नुपर्ने भएको छ। अर्को विकल्प छैन! सेतोपाटी

# १०४ वर्ष बाँचेका राजा

डा. नूतनधर शर्मा



कलाकार हरिप्रसाद शर्माले बनाएको राजा सिद्धिनरसिंह मल्लको चित्र।कलाकार हरिप्रसाद शर्माले बनाएको राजा सिद्धिनरसिंह मल्लको चित्र।

पाटनका मल्लराजा सिद्धिनरसिंहको कृष्णभक्ति जगजाहेर छ। उनले नै आफ्नो दरबारसामु कलात्मक ढाँचाको कृष्ण मन्दिर बनाएका थिए।कृष्ण मन्दिर र राजा सिद्धिनर सिंह मल्लका पालामा निर्माण भएका सम्पदा, मन्दिर र स्मारकबारे चर्चा गर्नुअघि उनी कस्ता राजा थिए, त्यसबारे कुरा गरौं।सिद्धिनरसिंह मल्ललाई 'राजर्षी' भनिन्छ। उनलाई यो उपाधि तत्कालीन जनताले दिएका हुन्। तत्कालीन शिलालेखहरूमै सिद्धिनरसिंहलाई 'राजऋषीश्वर' भनिएको पाइन्छ। नेपालको मिथिला क्षेत्र जनकपुरका राजा जनकलाई पनि राजर्षी भनिन्छ।

सिद्धिनरसिंह ललितपुरका एक प्रसिद्ध धार्मिक राजा थिए। भगवान कृष्ण र मत्स्येन्द्रनाथका अनन्य भक्त उनले करिब ४० वर्ष नेपाल तथा भारतका विभिन्न तीर्थ स्थलमा यात्रा गरेका थिए। भारतका राजा हर्षवर्द्धनजस्तै उनी एक साधु राजा थिए।

कान्तिपुरको राजकुमार भई ललितपुर आएर यहाँको राज्यभार थामेका राजा हरिहर सिंह र रानी लालमतीको छोराका रूपमा उनी विक्रम सम्बत् १६६३ असार महिनामा पशुपति क्षेत्रमा जन्मेका थिए। यस हिसाबले असार १९ गते शनिबार उनको ४१८औं जन्मजयन्ती पर्छ।उनी १४ वर्ष उमेरमा ललितपुरका राजा भएका थिए। पैंतीस वर्ष उमेरमा उनले आफ्ना छोरा श्रीनिवास मल्ललाई ललितपुर राज्यको उपराजा बनाई शासन चलाएका थिए। बयालीस वर्ष उमेरमा उनकी रानी भानुमती र ४६ वर्ष उमेरमा कान्छा छोरा ज्योतिनरसिंहको मृत्युपछि उनी पाँच वर्षसम्म त्रिशूल गंगा, बद्रीनाथ, केदारनाथ, हरिद्वार, दिल्ली, आगरा र मथुरा क्षेत्रमा तीर्थयात्रा गर्न गए।

तीर्थयात्राबाट फर्कंदा उनलाई यहाँका जनता तथा भारदारले थानकोटदेखि ललितपुर दरबारसम्म आ-आफ्नो पगडीको कपडा ओछ्याएर त्यसमाथि हिँडाएर स्वागत गरेका थिए।सिद्धिनरसिंह मातृभक्त थिए। उनले जावलाखेलमा आफ्नी आमाको नाममा पोखरी बनाए। तीर्थयात्राबाट फर्के पनि राजकाजबाट विरक्त भएका उनले ५२ वर्ष उमेरमा श्रीनिवास मल्ललाई राज्यभार सुम्पे र आफू राजर्षी कहलाई फेरि तीर्थयात्रामै हिँडे।तीर्थयात्राबाट फर्केपछि उनले भण्डारखाल पोखरी बनाए र त्यहाँको नियम बाँधेर शिलालेख राखे। त्यहाँ भूगोल मण्डप बनाए। हाल भूगोलको कुनै आकृति भने देखिँदैन।

कान्तिपुरका राजा प्रताप मल्लले पनि मोहनचोकमा धातुको गोलो-चेप्टो भूगोल बनाएर प्रदर्शित गरेका थिए। सिद्धिनर सिंह मल्लको भूगोल कस्तो थियो भन्ने हामीलाई जानकारी छैन। तर पोखरीको बीचमा सुनको कमलको स्थापनाले काठमाडौं उपत्यका परापूर्वकालमा एक तलाउ थियो र त्यसमा कमलको फूल उम्रेर स्वयम्भूज्योतिको प्रादुर्भाव भयो भन्ने पौराणिक भूगोल त्यहाँ दर्शाइएको देखिन्छ। त्यसपछि उनी फेरि तीर्थयात्रामा हिँडेका थिए।सानै उमेरदेखि धर्मात्मा प्रवृत्तिका राजा सिद्धिनरसिंह चन्द्रायन व्रत बस्थे। महिनाभर चन्द्रमाको कला घटबढ भएअनुसार एक मुठी अन्नबाट बढाउँदै, घटाउँदै एक पाथीसम्मको दैनिक भोजन गर्ने व्रतलाई चन्द्रायण व्रत भनिन्छ।

उनी जाडो मौसममा चिसो ढुंगेखाटमा सुत्थे। गर्मी याममा पञ्चाग्नि तापेर तपस्या गर्थे। पच्चीसौं वर्षको उमेरमा उनले चौकोट दरबार (पाटन दरबार) मा नेपालभरका सारा जोगी, संन्यासीहरूलाई बोलाएर भोज गराएका थिए। यस्ता भोज उनी बारम्बार गराउँथे। जनताले नखाई आफू खाँदैनथे।यिनले आफ्नो राज्यको आर्थिक विकास गर्न तिब्बतसँग व्यापार बन्दोबस्त बढाए। गोर्खा राज्यमा व्यापार बढाउन २४ कोठी महाजन बसाए। वैदेशिक सम्बन्ध बढाए। अरबी अक्षरसहित चाँदीका मोहर तथा सुकी चलाए।

उनले राजपरिवारका महिलालाई सुनको गहना लगाउन नदिई साधारण जीवन बिताउन लाउँथे। आफू पनि सामान्य जीवन विताउँथे। फिजुल खर्चमा उनको विश्वास थिएन। उनले ललितपुरको अर्थ व्यवस्था उन्नत बनाए।यिनै राजा सिद्धिनरसिंहले पाटन दरबार बनाएका हुन्। सुन्दरी चोकको द्वारमा सिद्धिगणेश, नरसिंह र हनुमानका मूर्ति स्थापना गरी आफ्नो नामको स्मृति चिह्न राखेका हुन्। उनले ललितपुर दरबारमा भगवती तलेजुको स्थापना गरेका थिए। पोखरी बनाउनुका साथै देवीलाई फूल चढाउन बगैंचा पनि बनाएका थिए।

उनले दरबारमा बौद्धशास्त्र गुण्डकारण्डव्यूह अनुसार सृष्टिकान्ता लोकेश्वरको मूर्तिसहित सुनको झ्याल राखेका थिए। यसमा ब्रह्मा, विष्णु र महेश्वर लगायतका देवता पनि कुँदिएका छन्। उनी भगवान् कृष्णलाई पद्मपाणि लोकेश्वरका रूपमा देख्थे भने लोकेश्वरलाई श्रीकृष्णका रूपमा। उनको यो दर्शनले हिन्दु तथा बौद्ध धर्म समन्वयको आदर्श झल्काउँछ। उनले दरबारमा पाँचतले देगुतलेजुको मन्दिर पनि बनाए।

उनले विक्रम सम्बत् १६९४ सालमा भारतबाट कलाकारहरू ल्याई राजपुत-मुगलशैलीमा मंगलबजारमा ढुंगाको प्रसिद्ध कृष्ण मन्दिर बनाएका थिए। शिखर शैलीको यस मन्दिरमा फलामको क्लिप प्रयोग गरी ढुंगालाई आपसमा जोडिएको छ। फलामलाई ढालेर ढोका बनाइएको छायो मन्दिरमा उनले रामायण महाभारतका चित्रकथा तथा नेपाल र भारतका शिवलिंगहरूका आकृति कुँदाएका थिए, जुन विश्वप्रसिद्ध छ। त्यस बेला त्यहाँ कोट्याहुती यज्ञ गरी ब्राह्मण, बज्राचार्य तथा गरिब-गुरूवाहरूका लागि उनले यथेष्ट दान गरेका थिए।

उनको शत्रुता कान्तिपुरका राजा प्रताप मल्लसँग थियो। प्रताप मल्लले ललितपुरमा आक्रमण पनि गरेका थिए, जसमाथि सिद्धिनर सिंह मल्लले विजय प्राप्त गरे।सिद्धिनरसिंहले कृष्णलीलासम्बन्धी गीतिकाव्य रचना गरेका थिए। त्यसमध्ये विभिन्न रागमा गाइने उनका ३१ वटा भजन गीतलाई बिलंपौ (कपडामा बनाइएका चित्र) मा चित्रित गरेर ती चित्रमुनि भजन गीत लेखाएर कृष्ण मन्दिरमा चढाएका थिए। यो चित्रकलामा मुगल शैलीको प्रभाव देखिन्छ। यसलाई ज्येष्ठ पूर्णिमाको दिन त्यहाँ प्रदर्शन गर्ने र गाउने प्रचलन चलिआएको छ।

त्यस्तै, कृष्णभक्तिमा समर्पित रही मंगलबजारमा प्रसिद्ध कात्तिक नाच नचाउने चलन पनि उनले नै चलाए। ललितपुरको संगीतप्रधान मतयाः/श्रृंगभेरी जात्रा सुव्यवस्थित गरे। ललितपुरको सांगीतिक विकासमा उनको योगदान उल्लेखनीय छ।उनी भगवान् शिवका पनि भक्त थिए। उनले दरबारअगाडि विश्वेश्वर महादेवको मन्दिर बनाएका थिए। प्रसिद्ध कृष्ण मन्दिरको माथिल्लो तलामा उनले काशी विश्वनाथको शिवलिंग स्थापना गरेका थिए। सुन्दरी चोकमा नेपाल र भारतवर्षका शिवलिंगहरूका आकृति काठमा कुँदाएका थिए।

जनसुविधाका लागि तीन तलाभन्दा अग्लो घर बनाउन स्वीकृति दिने पनि सिद्धिनरसिंह नै हुन्। त्यसअघि त्यस्तो घर बनाउन पाइन्नथ्यो। उनले देशभर पाटी, सत्तल, धारा, पोखरी बनाए। उनकी रानी भानुमतीले मंगलबजारको प्रसिद्ध ढुंगेधारा जीर्णोद्धार गरेकी थिइन्।राजा सिद्धिनर सिंह मल्लले आफ्नो शासनकालमा जनजीवन नियमबद्ध गरेका थिए। जनताले कसरी सुतक बार्ने, गुरूपुरोहित कुन कुलबाट बनाउने तथा जाति व्यवस्था सुव्यवस्थित गरेर पतिया दिने प्रथा पनि चलाए। बौद्ध विहार र बहिलाई संगठित पारेर छुट्टै नियमको व्यवस्था गराए।

सिद्धिनरसिंह मल्लको मृत्यु १०४ वर्ष उमेरमा तीर्थयात्रा क्रममा भारतको काशीमा भएको थियो। विक्रम सम्बत् १७६७ ज्येष्ठ पूर्णिमा बुधबारको दिन उनको अग्निसंस्कार ललितपुरको शंखमूलमा गरिएको थियो। त्यस बेला पलंग उठाइएको थिएन, उनको चिनो मात्रै जलाएर अग्निसंस्कारको रित पुऱ्याइएको थियो। नेपालका कुनै पनि राजा यति लामो १०४ वर्षसम्म बाँचेको पाइँदैन।राजर्षी सिद्धिनरसिंह मल्लबारे यति जानकारीपछि उनी पनि राजर्षी जनकजस्तै नेपालका विभूतिमा गणना गर्न योग्य छन् भन्ने चर्चा हुनु आजको आवश्यकता देखिन्छ। (लेखक संस्कृति अनुसन्धाता हुन्।)सेतोपाटी

# 'रिटर्नी उद्यमशीलता कार्यक्रम' सञ्चालनको तयारी छः श्रममन्त्री अर्याल



काठमाडौँ, ९ असारः श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले विदेशबाट फर्किएकालाई नेपालभित्रै रोजगारीको अवसर सिर्जना गर्न 'रिटर्नी उद्यमशीलता कार्यक्रम' कार्यान्वयनको तयारी भइरहेको बताउनुभएको छ।

विनियोजन विधेयक, २०८१ को विभिन्न शीर्षकमाथि भएको छलफलका क्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतका शीर्षकमाथि उठेका प्रश्नको आज प्रतिनिधिसभा बैठकमा जवाफ दिनुहुँदै श्रममन्त्री अर्यालले स्वदेशभित्रै रोजगारी सिर्जना गर्नेसँगै विदेशबाट फर्किएकालाई यही काम गर्ने वातावरण बनाउने गरी सरकारले काम गरिरहेको दावी गर्नुभयो।

"स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रमजस्ता विविध कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा सञ्चालनमा आएका छन्", श्रममन्त्री अर्यालले भन्नुभयो, "वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजीलाई स्वदेशमै उपयोग गर्ने गरी रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको छ।"

नेपाली नागरिकले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको सीप, पुँजी, प्रविधि र ज्ञानको उपयोग गर्दै उद्यमशीलता प्रवर्द्धनमार्फत उत्पादनशील रोजगारी र स्वरोजगार सिर्जना गर्नको लागि वैदेशिक रोजगारीवाट फर्किएका श्रमिकको पुनःएकीकरण परियोजना कोशी प्रदेश र मधेश प्रदेशका २० वटा स्थानीय तहमा कार्यान्वयन भइरहेको उहाँले श्रममन्त्री अर्यालको भनाइ छ।

श्रम स्वीकृतिको लागि निर्णयको तह घटाई दुई सिफ्टमा कार्यालय सञ्चालन गरी एक घण्टाभित्रै श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरिएको उहाँले संसद्मा जानकारी गराउनुभयो । आन्तरिक तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकको गुनासो, उजुरी तथा सुझावलाई सम्बोधन गर्न सूचना प्रविधिमा आधारित एकद्वार प्रणाली श्रमाधानको स्थापना र सञ्चालन गरिएको उहाँको भनाइ छ।

नेपाली युवा रोजगारीका लागि बाध्यात्मकरुपले विदेशिनुपर्ने अवस्थालाई अन्त्य गर्न देशभित्रै मर्यादित काम तथा उत्पादनशील रोजगारी पाउने वातावरण सुनिश्चित गर्ने उद्देश्यका साथ तीन वटै तहका सरकार एवम् निजी क्षेत्र र सरोकारवालाको सहभागितामा श्रमाधान रोजगार मेलाको पहिलो चरण सातै वटा प्रदेशमा सम्पन्न भएको श्रममन्त्री अर्यालले जानकारी दिनुभयो । श्रमिकलाई थप आर्थिक भार तथा बोझ दिने गरी विगतमा भएका निर्णय तथा जारी भएका कार्यविधिको असर तथा प्रभाव अध्ययन गरी विभिन्न कार्यविधि तथा निर्णयको खारेजी, स्थगन र परिमार्जन गरिएको उहाँको भनाइ छ।

सीप विकास, उद्यमशीलता, आप्रवासन सेवा, रोजगार सेवालगायत सबै प्रकारका श्रम तथा रोजगार सेवा स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाट एकद्वार र एकीकृतरुपमा प्रदान गर्नेगरी कानुन निर्माण भएको अर्यालले बताउनुभयो । एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय तहबाट नै श्रम र रोजगारसम्बन्धी सेवा एकीकृतरुपमा प्रवाह भइरहेको उहाँले बताउनुभयो।

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालू आर्थिक वर्षको जेठ मसान्तसम्म ४५ हजार पाँच सय ६३ जनाले औसत ७७ दिनको रोजगारी प्राप्त गरेको उहाँले जानकारी दिनुभयो । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गरी सीप विकास र उद्यमशीलतासँग आवद्ध गर्ने गरी प्रक्रिया अगाडि बढाइएको उहाँले बताउनुभयो ।श्रम बजारमा उपलब्ध रोजगारीका अवसर र रोजगारी खोजिरहेका श्रमिकबीच तादाम्यता कायम गर्न रोजगार बैङ्कका रुपमा काम गर्न राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने प्रक्रिया अगाडि बढाइएको पनि श्रममन्त्री अर्यालले जानकारी दिनुभयो।

वैदेशिक रोजगारीसम्बन्धी सूचना तथा परामर्श प्रदान गर्ने कार्यलाई आगामी आर्थिक वर्षदेखि सबै जिल्ला र स्थानिय तहमा विस्तार गर्ने योजना सरकारको छ। साथै, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, पहुँचयोग्य बनाउने उद्देश्यले व्यक्तिगत र पुनःश्रम स्वीकृतिसम्बन्धी सहजीकरण सेवा सबै स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत् हुने व्यवस्था गरिएको श्रममन्त्री अर्यालले बताउनुभयो।

वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु हुने मृतकका परिवारलाई दिइने क्षतिपूर्तिबापतको रकम सात लाखबाट बढाई दश लाख हुने गरी प्रस्ताव गरिएको छ। अङ्गभङ्ग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता तथा छात्रवृत्तिसम्बन्धी सेवालाई समेत अनलाईनमार्फत् प्रदान गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो ।वैदेशिक रोजगारीको सन्दर्भमा हुने ठगीलगायतका गुनासा र श्रमाधान कल सेन्टरमा प्राप्त भएका सबै प्रकारका गुनासा समयमै सम्बोधन गर्ने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो।

विदेशमा अलपत्र परेका नेपाली कामदारलाई उद्धार गरी तत्काल आश्रय प्रदान गर्न चार वटा देश ओमान, कुवेत, साउदी अरब र इजरायलमा वैदेशिक रोजगार बोर्डबाट रु १५ लाखका दरले कुल रु ६० लाख उपलब्ध गराइएको श्रममन्त्री अर्यालको भनाइ छ ।कतार, मलेसिया, युएई, साउदी अरब, दक्षिण कोरिया, बहराइन, कुवेत, ओमनमा श्रम काउन्सेलर र श्रम सहचारी परिचालन गरिएको तथा सबै कुटनीतिक नियोगसँग प्रभावकारी समन्वय गरिएको उहाँले दावी गर्नुभयो।

नयाँ श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्यलाई अगाडि बढाइएको श्रममन्त्री अर्यालले बताउनुभयो। जर्मनी र रोमानियासँग नयाँ श्रम सम्झौता भइसकेको र आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा थप तीन देशसँग द्विपक्षीय सम्झौता गरिने उल्लेख भएकोमा सोको गृहकार्य सुरु भइसकेको उहाँले बताउनुभयो।

आन्तरिक सीपमूलक तालिमतर्फ सबै प्रतिष्ठानबाट हालसम्म करिब दुई हजार पाँच सय जनालाई सीप विकाससम्बन्धी विभिन्न तालिम प्रदान गरिएको जनाइएको छ । वैदेशिक रोजगारीमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्ति, स्वदेशमै स्वरोजगारमा रहेका व्यक्ति, औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक गरी हालसम्म १३ लाख ४८ हजार पाँच सय ४२ व्यक्ति योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत भएको श्रममन्त्री अर्यालले जानकारी दिनुभयो।

पछिल्लो तीन वर्षमा वैदेशिक रोजगारीमा गएका चार हजार श्रमिकको मृत्यु भएको र सो अवधिमा आठ सय ७० जना अङ्गभङ्ग भएको तथा कुल मृगौलाका बिरामीमध्ये ३० प्रतिशत खाडि मुलुकमा काम गर्ने नेपाली रहेको विषय संसद्मा उठेको थियो ।रासस

# 'दिगो वन व्यवस्थापनमार्फत विदेशी काठ आयात प्रतिस्थापन गरिने'



काठमाण्डु । वन तथा वातावरणमन्त्री नवल किशोर साह सुडीले दिगो वन व्यवस्थापनमार्फत विदेशी काठ आयात प्रतिस्थापन गरिने बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८१ का सम्बन्धमा वन तथा वातावरण मन्त्रालयअन्तर्गतका विभिन्न शीर्षकमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री सुडीले दिगो वन व्यवस्थापन गरेर विदेशी काठ आयात कम गर्दै लैजाने प्रतिबद्धता जनाउनुभयो । वनको दिगो व्यवस्थापन, काठ दाउराको उत्पादन वृद्धि र सोमार्फत रोजगारी सृजनाका लागि समुदायमा आधारित वन व्यवस्थापन तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो।

वन व्यवस्थापन गर्न प्रदेश सरकारमार्फत कार्यान्वयन गर्ने गरी कार्यक्रम प्रस्ताव गरिएको मन्त्री सुडीले जानकारी दिनुभयो। साथै प्रदेश सरकारबाट पनि त्यहाँको वनको अवस्थाअनुसार वन संवर्द्धन प्रणालीमा आधारित रही वनको दिगो व्यवस्थापन गर्न राष्ट्रिय मापदण्ड स्वीकृत गरी वन व्यवस्थापन गर्ने कार्यको थालनी गरिएको उहाँले बताउनुभयो।

"यसबाट वनको दिगो व्यवस्थापन भई काठ दाउरा उत्पादनमा वृद्धि हुनेछ र विदेशी काठ आयातमा कमी हुने अपेक्षा गरेको छु," मन्त्री सुडीले भन्नुभयो ।समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम लागू भएका वन र सरकारद्वारा व्यवस्थित वनबाट काठ दाउराको उत्पादन बढाउने तथा बिक्रीवितरण गर्ने कार्यलाई थप सहजीकरण गर्न नेपाल सरकारले हालै वन (दोस्रो संशोधन) नियमावली, २०८१ लागू गरेको उहाँले जानकारी दिनुभयो।

वन नियमावली, २०७९ मा भएको यस संशोधनले वन व्यवस्थापनको कामलाई थप सहजीकरण गर्ने अपेक्षा गरिएको मन्त्री सुडीको भनाइ थियो।

"हाल नेपालमा करिब तीन करोड ५० लाख क्युफिट काठ उत्पादन भइरहेकामा वार्षिक करिब दुई लाख क्युफिट (कूल राष्ट्रिय उत्पादनको तुलनामा एक प्रतिशतभन्दा कम) गोलिया काठ मात्र विदेशबाट आयात हुने गरेको छ," मन्त्री सुडीले भन्नुभयो, "आयातको ठूलो हिस्सा फर्निचरलगायत काठजन्य तयारी मालवस्तुले ओगटेको छ। मुलुकभित्र उत्पादन भइरहेको काठको परिमाणमध्ये करिब दुई तिहाइ हिस्सा विगतमा वृक्षरोपण गरिएका निजी जग्गाबाट उत्पादन भइरहेकाले वृक्षरोपण गरिएका बिरुवाको प्रभावकारितालाई कम आकलन गर्न सकिँदैन।"जनतालाई सहजरुपमा काठ दाउराको आपूर्ति व्यवस्था मिलाउन काठ दाउराको माग रहेका जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति (५१ जिल्ला) मार्फत उपलब्ध गराउने व्यवस्था मिलाइएको उल्लेख गर्दै मन्त्री सुडीले बाँकी हिमाली तथा उच्च पहाडी जिल्लामा माग निवेदनका आधारमा सम्बन्धित डिभिजन वन कार्यालयमार्फत उपलब्ध गराइने जानकारी दिनुभयो।

"हरियाली प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकता दिइएको छ, वृक्षरोपण, बिरुवा उत्पादनजस्ता कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तह तथा उपभोक्ता समूह समेतको सहभागितामा कार्यान्वयनमा ल्याइनेछ," उहाँले भन्नुभयो, "आगामी आर्थिक वर्षमा दुई करोड बिरुवा उत्पादन गरी कृषि वन, निजी वन, सार्वजनिक जग्गा, नदी उकास जग्गामा रोपण गरिनेछ। सहरलाई हरियाली तथा मनोरम बनाउन प्रदेशमार्फत एक सय पाँच हरित उद्यान निर्माण गर्ने गरी बजेट विनियोजन गरिएको छ।"

वन अतिक्रमण नियन्त्रण, वन डढेलोको प्रकोप न्यूनीकरण एवं नियन्त्रण गर्दै वन संरक्षण गर्ने कार्यमा मन्त्रालय सजग रहेको मन्त्री सुडीको भनाइ थियो। देशमा सङ्घीयता कार्यान्वयनसँगै वन व्यवस्थापन तथा संरक्षणको प्रमुख जिम्मेवारी प्रदेश सरकारअन्तर्गत रहनगएकाले वन अपराध फौजदारी अभियोग रहेकाले यसको नियन्त्रणमा संवैधानिक एवं कानुनी जटिलता रहेको छ। राष्ट्रिय वन क्षेत्रमा अतिक्रमण तथा डढेलो नियन्त्रण गर्न ससर्त अनुदानका रुपमा प्रदेश सरकारलाई बजेट उपलब्ध गराइएको मन्त्री सुडीले जानकारी दिनुभयो। यस्तै, देशभर रहेका २० संरक्षण क्षेत्रमा हुने डढेलो तथा अतिक्रमण नियन्त्रण कार्य निकुञ्ज, आरक्षण र संरक्षण क्षेत्र कार्यालयबाट कार्यान्वयन हुने गरी बजेटको व्यवस्था गरिएको उहाँले उल्लेख गर्नुभयो।

हात्तीलगायत वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोगबापत विगत पाँच वर्षको अवधिमा रु ६४ करोड ५६ लाख बराबरको रकम वितरण भएको मन्त्री सुडीले जानकारी दिनुभयो । "बँदेललाई नियन्त्रण गर्न कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको छ, बँदेलबाट हुने क्षतिका लागि राहत वितरण, अन्नबाली तथा गाउँबस्तीमा जनावरबाट रोक्न मेषजालीसहित तारबार निर्माण तथा मर्मतलगायत क्रियाकलापलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ," उहाँले भन्नुभयो।

वन डढेलोको सूचना प्रवाह गर्न वन तथा भू-संरक्षण विभागमा वन डढेलो नियन्त्रण कक्ष स्थापना गरी भू-उपग्रहमा आधारित सूचना प्रणाली मार्फत घटना घटिरहेको स्थानमा तत्काल सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको मन्त्री सुडीको भनाइ थियो ।यसैगरी, नेपाल सरकारले ४० माइक्रोग्रामभन्दा पातलो प्लास्टिक झोला वा अन्य प्लास्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्णरुपमा रोक लगाउने निर्णय गरेको मन्त्री सुडीले बताउनुभयो । विकास र वातावरणलाई सँगसँगै लैजाने र दिगो विकास कार्यान्वयनमा जोड दिने उहाँले बताउनुभयो।

"रक्तचन्दनको विषयमा नेपाल सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रणसम्बन्धी महासन्धि (साइटिस) को पक्ष राष्ट्र भएकाले गैरकानुनीरुपमा नेपाल भित्रिए जफत भएका साइटिस अनुसूचीमा सूचीकृत प्रजाति र तिनको मालवस्तु उत्पत्ति मुलुकमा नै फिर्ता पठाउनुपर्ने महासन्धिको साथै नेपाल कानुनमा समेत व्यवस्था रहेको छ," उहाँले भन्नुभयो ।रासस

# नयाँ कार्यक्रमका लागि रकम छैनः शिक्षामन्त्री श्रेष्ठ

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ का लागि पाएको बजेटको ठूलो अंश अनिवार्य दायित्वका लागि छुट्याउनु परेकाले सुधारात्मक नयाँ योजना तथा कार्यक्रमका लागि धेरै बजेट विनियोजन नभएको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वार्षिक विकास कार्यक्रमको विभिन्न शीर्षकमाथिको छलफलका क्रममा संसद्मा उठेका प्रश्नको जवाफ दिनुहुँदै शिक्षामन्त्री श्रेष्ठले मन्त्रालयको अधिकांश बजेट अनिवार्य दायित्व र वित्तीय हस्तान्तरणबाट तल्लो तहमा जाने प्रकृतिको रहेको बताउनुभएको हो।

"शिक्षा मन्त्रालयका लागि रु दुई खर्बभन्दा बढी अर्थात् कुल बजेटको १० दशमलव ९५ प्रतिशत विनियोजन भएको छ। जसमध्ये ७० प्रतिशत रकम वित्तीय हस्तान्तरणका रुपमा स्थानीय तहमा जाने हो", शिक्षामन्त्री श्रेष्ठले भन्नुभयो, "आकार हेर्दा ठूलो लागेपनि शिक्षा मन्त्रालयका लागि छुट्याएको बजेटमध्ये ९३ प्रतिशत अनिवार्य दायित्वका योजना तथा कार्यक्रमको छ । केबल शून्य दशमलव चार प्रतिशत रकम नयाँ कार्यक्रमका लागि राखेको छु।"



शिक्षा मन्त्रालयअन्तर्गत आगामी आर्थिक वर्षका लागि कूल विनियोजनको छ दशमलव छ प्रतिशत पुँजीगत खर्च छुट्याइएकोमा विद्यालय भवन निर्माण र एक हजार कक्षाकोठा निर्माण, शौचालय निर्माणलगायतका लागि छुट्याइएको उहाँले उल्लेख गर्नुभयो ।शिक्षा मन्त्रालयले पाएको बजेटको ठूलो अंश अनिवार्य दायित्वभित्र पर्ने भएकाले त्यसलाई धेरै संशोधन गर्न नसकिने र नयाँ योजना तथा कार्यक्रम राख्नका लागि स्रोत अपुग भएको उहाँको भनाइ छ। मन्त्रालयले आगामी आर्थिक वर्षका लागि रु दुई खर्ब तीन अर्ब ७४ करोड ४९ लाख बजेट पाएको छ।

शिक्षा मन्त्रालयको आगामी आर्थिक वर्षको वार्षिक विकास कार्यक्रम निर्धारण गर्दा सरकारले गरेको लगानीको प्रतिफल देखिएको छ वा छैन भन्ने विश्लेषण गरिएको शिक्षामन्त्री श्रेष्ठले दाबी गर्नुभयो । शिक्षा क्षेत्रमा संरचनागत सुधार कहाँ गर्न सकिन्छ भनेर हेरिएको र भूगोल, आर्थिक अवस्थालगायतका विषय हेरेर बजेटको प्राथमिकता निर्धारण गरिएको उहाँको भनाइ छ।

शिक्षा क्षेत्रमा देखिएका नीतिगत समस्या समाधानका लागि नयाँ शिक्षा ऐन आवश्यक रहेको र शिक्षा विधेयक अहिले संसदमा विचाराधिन रहेको पनि श्रेष्ठले उल्लेख गर्नुभयो। "शिक्षा विधेयक मेरो हातमा छैन । मन्त्रालयमा पनि अड्केको छैन । यो संसद्मा दर्ता भइसकेको छ । समितिमा छलफल भइरहेको होला। यसलाई अघि बढाउन आग्रह गर्दछु", उहाँले भन्नुभयो, "मन्त्रालयको काम विधेयक बनाएर बुझाउने हो, त्यो भइसक्यो । त्यसलाई आवश्यक संशोधन गरेर अघि बढाउने काम संसद्को हो। संसद्ले उपयुक्त व्यवस्थासहित चाँडोभन्दा चाँडो पारित गरेर कार्यान्वयनमा जाओस् ।" मुलुकको शिक्षा नीति, ऐन तथा शिक्षा मन्त्रालयअन्तर्गतका नियमावलीको व्यवस्थामा एकरुपता नरहेको उहाँको भनाइ छ । ऐनले हरेक पाँच वर्षमा शिक्षक सरुवा गर्नुपर्छ भनेकोमा ऐनको उक्त व्यवस्था कार्यान्वयन हुन नसकेको शिक्षामन्त्री श्रेष्ठले उल्लेख गर्नुभयो।

शिक्षा सेवा नियमावली संशोधनको आवश्यकता पनि उहाँले औँल्याउनुभयो । शिक्षा ऐनले व्यवस्था गरेको हरेक विद्यालयले १० प्रतिशत छात्रवृत्ति दिनुपर्ने प्रावधानलाई तीव्रताका साथ कार्यान्वयन गरिरहेको उहाँले बताउनुभयो ।रासस


## श्री क्षीरेश्वर जनता उच्च माध्यमिक विद्यालय

सखुवा-महेन्द्रनगर, धनुषा

## शिक्षक तथा कर्मचारी आवश्यकता

प्रकाशित मितिः- २०८१/०३/०९

यस क्षिरेश्वर जनता मा.वि. महेन्द्र नगर - धनुषाका लागि तपसिल वमोजिम (मा.वि. शिक्षक, नि.मा.वि. शिक्षक पदमा करार सेवामा नियुक्ति गर्नु पर्ने भएको हुँदा योग्यता प्रमाणपत्र पुगेका इच्छुक नेपाली नागरिकहरुले आफ्नो व्यक्तिगत विवरण नेपाली नागरिकताको प्रमाण-पत्र तथा शैक्षिक योग्यता शिक्षक पदको लागि अध्यापन अनुमति पत्र, अनुभव प्रमाण पत्र संलग्न गरी यस क्षीरेश्वर जनता मा.वि. महेन्द्रनगर धनुषाको महेन्द्रनगर स्थित सिद्धार्थ बैंक लिमिटेड मा चल्ती खाता नं ०२०१५०८०१७३ मा तोकिए बमोजिमको शुल्क सक्कलै बैंक भाउचर संलग्न गरी निवेदन स्वयम उपस्थित भई विद्यालयको प्रशासन शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | नियूक्तिको प्रकार | संख्या | तह | शैक्षिक योग्यता | दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | मा.वि. शिक्षक जिव विज्ञापन | करार | १ | मा.वि.तृतिय | मान्यता प्राप्त शैक्षिक सँस्थाबाट जिव विज्ञान विषय समुहबाट कम्तिमा स्नातक उतिर्ण | रु.५०० |
| २ | २/२०८१/०८२ | नि.मा.वि. शिक्षक अंग्रजी | करार | १ | नि.मा.वि. तृतिय | मान्यता प्राप्त शैक्षिक सँस्थाबाट अंग्रेजी विषयमा स्नातक उर्तीण | रु.२५० |
| ३ | ३/२०८१/०८२ | नि.मा.वि. शिक्षक विज्ञान, गणित | करार | १ | नि.मा.वि. तृतिय | मान्यता प्राप्त शैक्षिक सँस्थाबाट बिएससि उर्तीण | रु.२५० |
| ४ | ४/२०८१/०८२ | सुरक्षा गार्ड | करार | १ | श्रेणी विहिन | मान्यता प्राप्त शैक्षिक सँस्थाबाट कक्षा ८ उर्तिण | रु.१५० |

**आवश्यक कागजातहरुः**- व्यक्तिगत विवरण, नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यता, अध्यापन अनुमति पत्र र अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपिहरु र २ प्रति (पासपोर्ट साइज फोटो) हस्तलिखित निवेदन साथ पेश गर्नुपर्ने छ।

**शर्तहरु आवश्यक योग्यता**

१) उल्लेखित सबै पदका लागि कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्ने छ।
२) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरीने गरी कुनै पनि सेवाबाट नहटाएको हुनुपर्ने छ।
३) कुनै राजनितिक दलको सदस्य नभएको हुनुपर्नेछ।
४) तलव सुविधा विद्यालयको नियमानुसार हुनेछ।
५) सबै पदको निवेदन दिने अन्तिम मितिः- २०८१/०३/१९
६) निवेदन पेश पर्ने स्थानः- श्री क्षीरेश्वर जनता मा.वि. प्रशासन शाखा
७) विज्ञापन सम्बन्धि सम्पूर्ण अधिकार विद्यालयको छनौट समितिमा रहने छ।
८) वि.नं. १,२,३,को लागि ४० वर्ष ननाघेको र वि.नं. ४ को लागि ५० वर्ष ननाघेको
९) परिक्षाको किसिमः- वि.नं. १,२,र ३ को लागि लिखित परिक्षा, कक्षा अध्यापन कक्षा अवलोन र अन्तर्वाता हुने र वि.नं. ४ को लागि अन्तर्वाता
१०) परिक्षा पाठयक्रम समान्य ज्ञानको परिक्षा २० पुर्णाङ्क सम्बन्धित विषयको ५० पूर्णाङ्क र कक्षा अवलोकन ३० पूर्णाङ्कको रहने छ।
११) महिलालाई विषेक ग्राहेता दिइनेछ।

**सम्पर्क नं. ९८४४१४३४५,९८४४०३८६६६**

**प्रधानाध्यापक**



## हरिपूर्वा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**हरिपूर्वा, सर्लाही**

**मधेश प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति :- २०८१/०३/१०**

हरिपुर्वा वडा नं. ९ श्री राम जानकी मा.वि.को निर्माण कार्यको लागि २०८१/०१/२५ गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिका एवं www.bolpatra.gov.np/egp मा समेत प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपुर्वक विद्युतिय प्रणाली (e-bidding) को माध्यमबाट दर्ता हुन आएको बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रवाहग्राही भई आर्थिक प्रस्ताव खोल्नका लागि छनौट भई निर्णय भए बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ (तेह्रौं संशोधन) को नियम ३१ ज (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | आयोजनाको विवरण | प्राविधिक परिक्षणमा सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|
| १ | HRP/NCB/WORKS/02/2080-81 | हरिपुर्वा वडा नं. ९ श्री राम जानकी मा.वि.को निर्माण | 1. Tirupati Balaji/Kaya JV<br>2. National-Upper J.V. | मिति : २०८१।०३।१७<br>समय : दिउँसो १:०० बजे<br>स्थान : हरिपुर्वा नगरपालिका कार्यालय, हरिपुर्वा, सर्लाही |

**प्रमुख प्रशासकीय अधिकृत**

# ईयू र चीनबीच विद्युतीय कारमा लगाइएको अतिरिक्त करबारे छलफल सुरु



एएफपी

ब्रसेल्स। बेल्जियम- युरोपेली सङ्घ (ईयू) र चीनका व्यापार प्रमुखबीच चिनियाँ विद्युतीय कारमा कर वृद्धि गर्ने ब्रसेल्सको योजनाबारे शनिबार 'स्पष्ट र रचनात्मक' वार्ता भएको र दुवै पक्षले थप छलफल गर्ने ईयूले आइतबार जानकारी गराएको छ।

ईयूले जुलाईदेखि चिनियाँ विद्युतीय कार आयातमा ३८ प्रतिशतसम्म अतिरिक्त कर लगाउने घोषणा यसै महिना गरेको थियो।

ईयूका प्रवक्ताले युरोपेली व्यापार आयुक्त भाल्डिस डोम्ब्रोवस्कीस र चीनका वाणिज्यमन्त्री वाङ वेन्ताओबीच शनिबार 'चीनमा उत्पादित ब्याट्री विद्युतीय सवारी साधनमा इयूको अनुदान विरोधी अनुसन्धानबारे स्पष्ट र रचनात्मक कुराकानी भएको' बताउनुभएको छ।

प्रवक्ता ओलोफ गिलले भन्नुभयो, "ईयू पक्षले आफ्नो अनुसन्धानको लागि वार्ताको कुनै पनि परिणाम हानिकारक अनुदानलाई सम्बोधन गर्न प्रभावकारी हुनुपर्छ भन्ने कुरामा जोड दिएको छ।"उहाँले भन्नुभयो,"दुवै पक्षले आगामी हप्तामा सबै तहमा सहकार्य जारी राख्नेछन्।'चिनियाँ वाणिज्य मन्त्रालयले एक्समा जनाएअनुसार दुवै पक्ष वार्ताको क्रममा 'परामर्श सुरु गर्न सहमत भएका छन्। "ईयूले चिनियाँ आयातको वृद्धिको सामना गरिरहेका समय युरोपेली उत्पादकहरूको रक्षा गर्न अनुसन्धान सुरु गरेर बेइजिङलाई चिढ्याएको थियो।

> प्रवक्ता ओलोफ गिलले भन्नुभयो, "ईयू पक्षले आफ्नो अनुसन्धानको लागि वार्ताको कुनै पनि परिणाम हानिकारक अनुदानलाई सम्बोधन गर्न प्रभावकारी हुनुपर्छ भन्ने कुरामा जोड दिएको छ ।

यूरोपेली आयोगले अहिले चिनियाँ कार उत्पादकहरूमाथि अस्थायी रूपमा कर वृद्धिको प्रस्ताव गरेको छ।

आयोगले बीवाईडीको लागि १७.४ प्रतिशत, जिलीको लागि २० प्रतिशत र एसएआईसीको लागि ३८.१ प्रतिशत कर वृद्धिको प्रस्ताव गरेको छ।ईयूले यो रकम फर्महरूले प्राप्त गर्ने राज्य अनुदानको स्तरमा निर्भर रहेको बताएको छ।चीनमा ईयूसँग सहकार्य गर्ने विद्युतीय कार उत्पादकहरूले २१ प्रतिशतको अतिरिक्त करको सामना गर्नु पर्नेछ भने सहकार्य नगर्नेहरूले ३८.१ प्रतिशत शुल्कको अधीनमा हुनेछन्।

यो हालको १० प्रतिशतको आयात शुल्कको उच्चतम विन्दु हुनेछ।शुल्क जुलाई ४ देखि अस्थायी रूपमा लागू हुनेछ र त्यसपछि नोभेम्बरदेखि लागू हुनेछ।ईयूले चीनसँग छलफल गर्ने आफ्नो योजना सार्वजनिक गर्दै अनुदानसम्बन्धी समस्या समाधानका लागि सम्भावित उपायको खोजी गर्ने प्रतिबद्धता जनाएको छ।इयूको कर उच्च भए पनि संयुक्त राज्य अमेरिकाले गत महिनादेखि चिनियाँ विद्युतीय कारहरूमा लगाएको १०० प्रतिशत अतिरिक्त कर दरभन्दा कम हो।

युरोपको अटोमोटिभ क्षेत्र यसको औद्योगिके गहना हो। बिद्युतीय कार उत्पादनमा चीनको हेड-स्टार्ट सहित खतराहरूको सामना गर्नुपर्दा मर्सिडीज र फेरारीजस्ता प्रतिष्ठित ब्रान्डहरूको घमण्ड तोडिएको छ। ब्रसेल्सले युरोपका सवारी साधन (कार) हरूलाई कमजोर पार्ने अनुचित अभ्यासहरू भएको दाबी गरेको छ। यसले दहन इन्जिन कारहरूको नयाँ बिक्री चरणबद्ध गर्न सन् २०३५ को समयसीमाको सामना गर्नुपर्नेछ।

# भारतमा विषाक्त मदिरा सेवनका कारण मृत्यु हुनेको संख्या ५३ पुग्यो

एएफपी

बेङ्गलोर। भारतमा विषाक्त मदीराको सेवनबाट ज्यान गुमाउनेको संख्या ५३ पुगेको भारतीय सञ्चारमाध्यमले आइतबार जनाएका छन्।

तमिलनाडु राज्यका मुख्यमन्त्री एम.के स्टालिनले मङ्गलबार मदीरा पिएका ३७ जनाको केही घण्टाभित्रै मृत्यु भएको र अन्य दर्जनौं व्यक्तिलाई अस्पतालमा भर्ना गरिएको बताउनुभएको थियो। स्थानीयस्तरमा उत्पादन गरेको मदीरामा विषाक्त मेथानोल मिसाइएको पुष्टि भएको उहाँले बताउनुभयो। रक्सी पिउने १०० भन्दा बढी मानिसहरूलाई अस्पताल लगिएको थियो।

भारतमा ब्याकस्ट्रिट डिस्टिलरीहरूमा बनेको सस्तो रक्सीबाट हरेक वर्ष सयौं मानिसहरू मर्छन्, तर यो विषाक्तता हालका वर्षहरूमा थप भयानक दखिएको छ। रक्सीको शक्ति बढाउन मिसाइने पदार्थ मेथानोलले अन्धोपन, कलेजोको क्षति र मृत्यु निम्त्याउन सक्छ। कल्लाकुरिची जिल्लाका गरिब मजदुरहरूले नियमित रूपमा प्लास्टिकको झोलामा ६० रुपैयाँ मूल्य पर्ने रक्सी किन्ने र काम गर्नु अघि पिउँने र यसैको नशामा काम गर्ने गरेको इन्डियन एक्सप्रेस पत्रिकाले आइतबार उल्लेख गरेको छ।

रक्सीको सेवनपछि कतिपयले आँखा देख्न नसकेको बताएका थिए भने कतिपय बेहोस भई सडकमै ढलेका र उनीहरूमध्ये केहीको तत्काल मृत्यु भएको थियो। कल्लाकुरिची जिल्लाका शीर्ष सरकारी अधिकारी एम.एस प्रशान्तले घटनासँग सम्बन्धित व्यक्तिमध्ये शनिबारसम्ममा ५३ जनाको मृत्यु भएको बताउनुभएको छ। केही भारतीय सञ्चारमाध्यमले आइतबार मृतकको सङ्ख्या ५५ पुगेको बताएका थिए तर यसको कुनै आधिकारिक पुष्टि भएको छैन। प्रशान्तले नक्कली रक्सी त्रासदीसँग सम्बन्धित सात जनालाई पक्राउ गरिएको बताउनुभयो।

इन्डियन एक्सप्रेसले बिहीबार विषालु पेय पदार्थको प्याकेट पिएर मृत्यु भएकाको पत्नि घरेलु कामदार कोलान्जीसँग कुरा गरेको थियो। उहाँका अनुसार स्थानीयले सरकारी पसलहरूबाट रक्सी किन्न नसक्ने तर नशाका लागि दुषित मुनशाइन नामक रक्सी पिउने गर्छन्।



भारतका धेरै भागहरूमा रक्सी बेच्न र सेवन गर्न निषेध गरिएको छ, जसले गर्दा घातक ब्याकस्ट्रिट मुनशाइनजस्ता पेय पदार्थको कालो बजार फस्ट्याएको छ।गत वर्ष पूर्वी भारतीय राज्य बिहारमा विषाक्त मदिरा सेवन गर्दा कम्तीमा २७ जनाको मृत्यु भएको थियो भने सन् २०२२ मा गुजरातमा कम्तीमा ४२ जनाको मृत्यु भएको थियो।

# भारतद्वारा बङ्गलादेश पराजित



काठमाण्डु। आइसिसी टि-२० विश्वकप क्रिकेट २०२४ अन्तर्गत शनिबार राति सम्पन्न खेलमा भारतले बङ्गलादेश माथि ५० रनको जित हासिल गरेको छ।

एन्टीगुवामा भएको खेलमा भारतले दिएको एक सय ९७ रनको विशाल लक्ष्य पछ्याएको बङ्गलादेशले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ४६ रनमा समेटियो। अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार बङ्गलादेशका कप्तान नाज्मुल हसन शान्टोले ३२ बलमा एक चौका र तीन छक्कासहित सर्वाधिक ४० रन बनाएभने तान्जिद हसनले २९ तथा ऋषाद होसेनले २४ रन जोडे।भारतका लागि कुलदीप यादवले तीन तथा अर्शदीप सिंह र जसपृत बुम्राहले समान दुई-दुई विकेट लिए। हार्दिक पान्ड्यले एक विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा एक सय ९६ रनको योगफल बनाएको थियो। भारतका लागि हार्दिक पान्ड्यले २७ बलमा चार चौका र तीन छक्कासहित सर्वाधिक ५० रन बनाए। त्यसैगरी विराट कोहलीले ३७, ऋषभ पन्तले ३६, शिभम दुबेले ३४ तथा कप्तान रोहित शर्माले २३ रन जोडे।

बङ्गलादेशका तान्जिम हसन सकिब र ऋषाद हुसेनले समान दुई-दुई विकेट लिए भने शाकिब अल हसनले एक विकेट लिएका थिए।रासस

# गाजामा ७० प्रतिशत विद्यालय भवन क्षतिग्रस्त



क्यूएनए

गाजा। निकट पूर्वका प्यालेष्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य निकाय (यूएनआरडब्लुए) ले विस्थापित परिवारले आश्रय लिइरहेका ६९ प्रतिशत विद्यालय भवनमा प्रत्यक्ष रुपमा क्षति पुगेको जनाएको छ।यूएनआरडब्लुएले आइतबार सामाजिक सञ्जाल एक्समा मानवीय कानूनको घोर अवहेलना रोक्नैपर्ने बताउँदै लेखेको छ, "गाजामा कहीँ पनि सुरक्षित छैन। हामीलाई अब युद्धविरामको आवश्यकता छ।"

"गाजामा ७६ प्रतिशतभन्दा बढी विद्यालयको पुनःनिर्माण आवश्यक छ वा पुनः सञ्चालनका लागि ठूलो पुननिर्माण आवश्यक छ," युएनआरडब्लुएले भनेको छ। यस सन्दर्भमा यूएनआरडब्ल्यूएका प्रवक्ता जोनाथन फाउलरले गाजा पट्टीमा इजरायली आक्रमणका कारण भएको विनाशको स्तर धेरै ठूलो रहेको र यसलाई मेटाउन र पुनर्निर्माण गर्न २० वर्षभन्दा बढी समय लाग्ने बताउँदै गाजा पट्टीमा रहेका करिब १७० यूएनआरडब्ल्यूए सुविधाहरूमा बम बारी गरिएको र विभिन्न स्तरमा निरन्तर क्षति भएको बताउनुभयो।

उहाँले आक्रमणको सुरुवातदेखि नै शिक्षा बन्द भएका कारण सबैभन्दा बढी क्षति भएका विद्यालय रहेको बताउनुभयो। उहाँले विद्यालयलाई संयुक्त राष्ट्रसङ्घको झण्डाको संरक्षणमा सुरक्षित स्थानको रूपमा स्थापना गरिएको र विस्थापित भएका नागरिकहरूका लागि विद्यालय आपतकालीन आश्रयस्थलमा रूपान्तरण भएको उल्लेख गर्नुभयो।

युएनआरडब्लुएको स्थापना सन् १९४९ मा संयुक्त राष्ट्रसङ्घको महासभाको निर्णयबाट भएको थियो र यसलाई जोर्डन, सिरिया, लेबनान, वेस्ट बैंक र गाजा पट्टीगरी पाँच सीमा क्षेत्रमा प्यालेस्टिनी शरणार्थीलाई सहायता र सुरक्षा प्रदान गर्न अनिवार्य गरिएको थियो।

# इजरायलमा नयाँ चुनाव र बन्धकलाई फिर्ता गर्न माग गर्दै विरोध प्रदर्शन

एएनआई

तेल अभिभ। इजरायलमा नयाँ चुनाव र गाजाका बन्धकलाई फिर्ता गर्न आह्वान गर्दै शनिबार राति हजारौं आन्दोलनकारीले इजरायलका विभिन्न भागमा सरकार विरोधी प्रदर्शन गरेको 'द टाइम्स अफ इजरायल' ले जनाएको छ।

सत्तारूढ लिकुड पार्टीको मुख्यालय रहेको बेइट जबोटिन्स्की बाहिर किङ जर्ज स्ट्रिटमा इजरायली नागरिकले विरोध प्रदर्शन गरेका हुन्। केही प्रदर्शनकारीले जतिसक्दो छिट्टै निर्बाचन गर्नुपर्ने र गाजामा लडाइँ अन्त्य गर्न आह्वान गर्दै प्रदर्शनमा भाग लिएका थिए। मुख्य र्‍याली समाप्त भएपछि प्रदर्शनकारीले टायर जलाएर सडक अवरुद्ध गरेका थिए। द टाइम्स अफ इजरायलले रिपोर्ट गरेअनुसार भीडलाई नियन्त्रण र सडक खाली गर्ने क्रममा तैनाथ प्रहरीले तीन जना प्रदर्शनकारीलाई पक्राउ गरेको थियो।

यसैबीच, हजारौं व्यक्तिले आजजा स्ट्रिटमा रहेको इजरायली प्रधानमन्त्री नेतान्याहुको निवास बाहिर पनि विरोध प्रदर्शन गरेका छन्।प्रदर्शनकारीले हमासद्वारा बन्धक बनाइएका परिवारका सदस्यको नेतृत्वमा तत्काल सम्झौता र चाँडै चुनावको माग गर्दै किङ जर्ज स्ट्रिटमा पदयात्रा गरे। प्रदर्शनकारीले नेतान्याहुको सरकारले हेजबुल्लाह गोलीकाण्डका कारण आठ महिनाभन्दा बढी समयदेखि विस्थापित भएका इजरायलको सङ्कटग्रस्त उत्तरी समुदायका करिब ६० हजार बासिन्दालाई बेवास्ता गरेको आरोप लगाएका छन्।




'होस्टेज एन्ड मिसिङ फेमिलीज फोरम'ले देशभरि र्‍याली आयोजना गरेको छ। उनीहरूले नोभेम्बरमा हमासले कैदबाट रिहा गरेका बन्धकहरूको सम्बोधन गर्न पनि आग्रह गरिएको छ। अक्टोबर ७ मा हमासद्वारा बन्धक बनाइएका ११६ जना गाजामा रहेका छन्, तिनीहरू सबै जीवित छैनन् भन्ने विश्वास गरिन्छ। युद्धलाई स्थायी रूपमा अन्त्य गर्ने ढाँचाभित्र मात्र बन्धकहरूलाई रिहा गर्ने हमासको मागलाई इजरायलले अस्वीकार गर्दै आइरहेको छ।यसैबीच, बन्धक नामा लेवीको २० औं जन्मदिन मनाउन तेल अबिबमा हजारौं मानिसहरूले र्‍याली निकालेका छन्। नामा लेवीका बुबा, योनी लेवीले भन्नुभयो, "उनी यहाँ आफ्नो परिवारसँग, आफ्ना साथीहरूसँग हुनु आवश्यक छ।" नाहल ओज सैन्य आधारबाट नामालाई अपहरण गरेपछि उहाँ हमासको एउटा भिडियो टेलिग्राममा देखापर्नुभएको थियो।

भिडियोमा उहाँको हात बाँधिएको र प्यान्ट रगत र मैलोले ढाकिएको थियो। हमास लडाकूले दक्षिणी इजरायलमा आक्रमण गरी करिब एक हजार २०० जनाको हत्या गरी २५१ जना बन्धक बनाएपछि अक्टोबर ७ मा सुरु भएको युद्धलाई सरकारले नियन्त्रण गरेको भन्दै विरोधमा प्रदर्शनकारीहरूले हरेक शनिबार राति महिनौंदेखि विरोध प्रदर्शन गर्दै आएका छन्।

# अफगानीस्तानमा शान्ति, सुरक्षा र स्थिरता स्थापना गर्न भारत प्रतिबद्ध

एएनआई

न्युयोर्क। भारतको उद्देश्य अफगानस्तानका जनताका लागि दीर्घकालीन शान्ति, सुरक्षा र स्थिरता स्थापना गर्नु रहेको संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्का उपस्थायी प्रतिनिधि राजदूत आर रवीन्द्रले बताउनुभएको छ।

परिषद्को बैठकमा राजदूत आर रवीन्द्रले भन्नुभयो, "विशेष गरी हालैका घटनाक्रमका बारेमा एसआर एसजी मुथुन बायवाले अफगानिस्तानको अवस्थाबारे दिनुभएको जानकारीको हामी कदर गर्दछौँ। अफगानी मानव अधिकार सङ्गठन (होचा) र नागरिक समाजका प्रतिनिधिद्वारा प्रदान गरिएको अन्तर्दृष्टि पनि धेरै उपयोगी थियो। भारत अफगानिस्तानको नजिकको छिमेकी हो। अफगानिस्तानका जनतासँग भारतको ऐतिहासिक र सभ्यताको सम्बन्ध छ।"

"हाम्रो उद्देश्य अफगानिस्तानको दीर्घकालीन शान्ति, सुरक्षा र स्थिरता स्थापना गर्नु हो," उहाँले बताउनुभयो। यसबाहेक, राजदूत आर रवीन्द्रले अन्तर्राष्ट्रिय समुदायले अफगानिस्तानलाई प्रमुख प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो। "अफगानिस्तानप्रति अन्तर्राष्ट्रिय समुदायको दृष्टिकोणलाई मार्गनिर्देशन जारी राख्नुपर्छ। हाम्रो साझा प्राथमिकतामा आतङ्कवादको प्रतिरोध गर्ने, समावेशी शासन ल्याउने, महिला, बालबालिका र अल्पसङ्ख्यकको अधिकार र हितको रक्षा गर्ने, लागुऔषधको प्रतिरोध गर्ने र देशका जनताको हितका लागि मानवीय सहयोगलाई प्राथमिकता दिने समावेश छ," 'राजदूत आर रवीन्द्रले बताउनुभयो।



"विकास र मानवीय सहायतामा भारत धेरै वर्षदेखि अफगानिस्तानको भरपर्दो साझेदार रहिआएको छ," उहाँले भन्नुभयो।

अफगान जनताका लागि भारतको प्रयासलाई प्रकाश पार्दै आर रवीन्द्रले भन्नुभयो, "भारतले अफगानिस्तानमा ५० हजार मेट्रिक टन गहुँ, २५० टन चिकित्सा सहायता र २२५ टन भूकम्प राहत सहायता सहितको मानवीय सहायता प्रदान गरेको छ। साथै ६०० अफगान बालिकासहित चार हजारभन्दा बढी विद्यार्थीका लागि शैक्षिक छात्रवृत्ति प्रदान गरेको छ।" राजदूत आर रवीन्द्रले ऊर्जा, पानी आपूर्ति, सडक सम्पर्क, स्वास्थ्य सेवा, शिक्षा, कृषि र क्षमता निर्माणमा केन्द्रित सबै ३४ प्रान्तमा ५०० भन्दा बढी विकास परियोजनालाई भारतले सहयोग गरेको बताउनुभयो।

राजदूत आर रवीन्द्रले इरानको चाबहार बन्दरगाहमार्फत भारत र अफगानिस्तानले आफ्नो व्यापार जारी राखेको उल्लेख गर्दै यो बन्दरगाह विकास गर्ने हालैको सम्झौताले अफगानिस्तानका लागि कनेक्टिभिटी हब बनाउने भारतको प्रतिबद्धतालाई देखाउँछ।"हामी अफगानिस्तानका जनताप्रतिको हाम्रो अटुट प्रतिबद्धतालाई दोहोऱ्याउँछौँ। अफगानी समाजलाई सहयोग गर्ने हरेक पहलमा भारतले पूर्ण सहयोग जारी राख्नेछ, उहाँले भन्नुभयो।

# जैविक ऊर्जा र प्लाइउडका कच्चापदार्थमा भ्याट नलगाउन आग्रह




काठमाण्डु । आगामी वर्षको बजेटमार्फत दाउरा, वनमारालगायतका वनपैदावारमा सरकारले मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने प्रस्तावले स्वदेशी उद्योगलाई नकारात्मक असर गर्ने बताइएको छ।

जैविक ऊर्जा व्यवसायी सङ्घ नेपाल र नेपाल प्लाइउड उत्पादक सङ्घले आइतबार पत्रकार सम्मेलन गरी स्वदेशकै वनपैदावारमा भ्याट लगाउने तर सोही प्रकृतिको कच्चापदार्थ भारत निकासी गर्न पैठारी कर तथा भ्याट छुटको व्यवस्था गरिएको भन्दै आपत्ति जनाएका हुन् ।

जैविक ऊर्जा व्यावसायी सङ्घ नेपालका अध्यक्ष सुशील ज्ञवालीले दाउरा, वनमारा, ब्रिकेट, प्यालेटमा विगतमा दिइएको भ्याट छुट हटाइँदा औद्योगिक इन्धन आयात प्रतिस्थापनको सम्भावना नरहने बताउनुभयो । "एकातिर तयारी उत्पादनलाई पुनः आयात गर्न सहज हुनेगरी पैठारी घटेको छभने अर्कातिर सञ्चालनमा आउँदै गरेका ब्रिकेट, प्यालेटलगायत वन पैदावारमा आधारित उद्योगहरु बन्द हुने अवस्था छ," अध्यक्ष ज्ञवालीले भन्नुभयो ।

केही युवाले वन क्षेत्रमा खेर गइरहेको वनपैदावार तथा कृषि वस्तु (वनको झाडी, वनमारा, काठको धुलो, वगास, प्लाइ वैस्ट, आदि) उपयोग गरी उद्योग स्थापना गरिरहेका छन् । यी उद्योगहरुले वनमारालगायत वनजन्य कच्चापदार्थहरुबाट तापीय ऊर्जाका लागि ब्रिकेट, पेलेट उत्पादन गरी बाहिरबाट आयातीत जीवास्मा इन्धन (डिजल, कोइला, एलपिजी ग्यास) प्रतिस्थापन गर्ने लक्ष्य लिएका छन् ।ऊर्जा उत्पादनको नयाँ विकल्प ल्याई आयातीत जिवास्म इन्धन प्रतिस्थापनमा लागेका उद्योगलाई निरुत्साहित नगर्न नेपाल प्लाइउड उत्पादक सङ्घका अध्यक्ष होमनारायण घिमिरेले आग्रह गर्नुभयो ।

पूर्वमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता गणेश शाहले ब्रिकेट तथा प्यालेटमा पहिलोपटक भ्याटको भार थपिनु र सोही वस्तु भारतबाट आयात हुँदा भ्याट तथा भन्सार शुल्क शून्य बनाइनु पश्चगामी कदम भएको टिप्पणी गर्नुभयो । उहाँले सरकारले त्यस्तो प्रस्ताव फिर्ता लिनुपर्ने अन्यथा सोको विरोधमा अभियान सञ्चालन हुने जनाउनुभयो ।वातावरणविज्ञहरु भरतराज पोखरेल र सन्तोषमणि नेपालले पनि बजेटमा भएको उक्त व्यवस्थाले स्वदेशी उद्योग र रोजगारीलाई प्रतिकूल असर पार्ने बताउनुभयो ।रासस

# हेटौँडा सिमेन्ट उद्योगबाट पुनःउत्पादन सुरु




मकवानपुर । करिब तीन महिनाअघिदेखि बन्द रहेको हेटौँडा सिमेन्ट उद्योगले आइतबारदेखि पुनःउत्पादन सुरु गरेको छ। उद्योगको आगो बाल्ने भट्टीका साथै केही उपकरण मर्मतसम्भार गर्नुपर्ने भएकाले दुई हप्ताका लागि उत्पादन बन्द गरिएको थियो।

उक्त उद्योगबाट अवकाश पाएका कर्मचारीले आफूले पाउने उपदान र औषधि उपचार खर्चको एकमुष्ठ रकम भुक्तानी नगरेको भन्दै कर्मचारीले लामो समयसम्म हड्ताल जारी राखेकाले सिमेन्टको उत्पादन सञ्चालन गर्न नसकिएको उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिनुभयो । अहिले निवृत्त भएका कर्मचारीले हड्ताल स्थगित गरेपछि आजदेखि नियमित उत्पादन र प्याकिङ गर्ने काम सञ्चालन भएको उहाँको भनाइ छ।

उद्योगमा अहिले पटकपटक गरी करिब चार हजार पाँच सय मेट्रिकटन कोइला बोलपत्रद्वारा आह्वान गरी आपूर्ति गरिरहेकाले अब नियमित उत्पादन भइरहने सिमेन्ट उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले रासससलाई जानकारी दिनुभयो । उहाँका अनुसार केही महिनाअघि आर्थिक सङ्कटले कोइला खरिद गर्न कठिनाइ हुँदा पटकपटक उत्पादनमा रोक लगाउनुपरेको थियो।

स्थापनाकालदेखि केही वर्षअघिसम्म उक्त उद्योगमा कार्यरत विभिन्न तहका २९ जना कर्मचारीले अवकाश पाएपछि निजहरुले नियमअनुसार पाउनुपर्ने उपदान, औषधि उपचार खर्चसमेत गरी करिब रु १७ करोड पाँच लाख रकम दिनुपर्नेमा आर्थिक सङ्कटले भुक्तानी दिनुपर्ने रकम नभएकाले समस्या आएको उद्योगका लेखा प्रमुख हरेराम कोइरालाले बताउनुभयो।

उद्योगका महाप्रबन्धक पाण्डेले रासससँग आज सङ्क्षिप्त कुराकानी गर्दै उद्योगलाई अब नयाँ प्रक्रियाबाट सञ्चालनमा ल्याई सिमेन्ट उत्पादन नियमित गर्ने योजना बनाइएको बताउनुभयो। "अवकाश लिएका कर्मचारीलाई दिनुपर्ने रकम हाल उद्योगमा मौज्दात नरहेकाले नवनियुक्त अध्यक्षलगायत पदाधिकार र प्रतिनिधिसभाका सदस्यद्वय दिपकबहादुर सिंह र महेशकुमार बर्तौलासहितको प्रतिनिधिमण्डलले प्रधानमन्त्री, अर्थमन्त्री र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीलाई भेटी उद्योगमा आइपरेको आर्थिक सङ्कटबारे जानकारी गराएका छौँ", उहाँले भन्नुभयो, "सरोकार भएका निकायको पहलमा समस्या समाधान गर्नेछौँ।"

उद्योग मन्त्रालयले सरकारकोतर्फबाट सिमेन्ट उद्योगलाई उपलब्ध गराइदिने रकमका लागि आवश्यकीय कागजपत्र अर्थमन्त्रालयमापठाइसकेकोजनाउँदै महाप्रबन्धक पाण्डेले केही हप्ताभित्रै अनुदान रकम प्राप्त हुने भएकाले अवकाश प्राप्त कर्मचारीलाई दिइने बताउनुभयो ।तत्कालीन श्री ५ को सरकारले विसं २०३३ मा हेटौँडाको लामसुरेमा हेटौँडा सिमेन्ट उद्योगको स्थापना गरेको थियो । तत्कालीन समयमा उद्योग निर्माणका लागि रु एक अर्ब ५० करोड रकम सरकारले उपलब्ध गराएको थियो।

विसं २०४३ मङ्सिर २६ गतेदेखि व्यावसायिकरुपमा सिमेन्टको उत्पादन गरी काठमाडौंलगायत विभिन्न सहरमा आपूर्ति गर्दै आएको उद्योग प्रशासनले जनाएको छ। उद्योगको साविक सिमेन्ट उत्पादन गर्ने क्षमता दैनिक १८ हजार बोरा भए पनि अहिले १० हजार बोरा मात्र उत्पादन भइरहेको छ । उद्योगमा अहिले प्रशासन, लेखा, प्रविधिक, चुनढुङ्गाखानी एवं कामदार मजदुर गरी करिब दुई सयले प्रत्यक्ष रोजगार पाइरहेका छन् ।

उद्योगमा अहिले पटकपटक गरी एक लाख ५० हजार बोरा सिमेन्ट मौज्दात रहेको उद्योगको व्यवस्थापनले जनाएको छ ।रासस

# एनसेल एपमा अब माछापुच्छ्रे बैंकको प्लेटफर्ममार्फत भुक्तानी सुविधा




**टुडे समाचारदाता**

काठमाण्डु । माछापुच्छ्रे बैंक लिमिटेड र एनसेलबीच डिजिटल प्लेटफर्ममार्फत सेवाप्रदान गर्नका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौतापत्रमा एनसेलका प्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभ र माछापुच्छ्रे बैंक लि.को तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले गतहप्ता एनसेल आइकन, लैनचौरमा हस्ताक्षर गरेका थिए।

मोबाइलमा डेटा सकिए पछि ब्यालेन्स नकाटिने र अन्य सुविधाहरु रहेको एनसेलको 'सधैं अन' योजना अन्तर्गत गरिएको यस सम्झौता अनुसार, अब माछापुच्छ्रे बैंक लि.माआफ्नो खाता भएका एनसेलका ग्राहकहरुले बैंकको मोबाइल बैकिङ्ग एप एमबीएल एम-स्मार्टको चेक आउट सर्भिस प्रयोग गरि एनसेलको मोबाइल एप, रिटेलर्स एप, वेबसाइट मार्फत सजिलै ब्यालेन्स रिचार्जका साथै सेवा, सुविधाहरु खारिदका लागि भुक्तानी गर्न सक्नेछन । यसैगरी एनसेलका वितरक तथा खुद्रा बिक्रेताहरुले पनि रिटेलर्स एप मार्फत सिधै माछापुच्छ्रे बैंक लि.को खातामा रहेको रकमबाट आफ्नो भर्चुअल फन्ड लोड गर्न सक्नेछन।

यस सम्झौताले ग्राहकको डिजिटल यात्रालाई असहज बनाउँदै सधैं अन रहन सहयोग गर्ने विश्वास एनसेल र माछापुच्छ्रे बैंक लि.ले लिएको छ । एनसेल एपमा अन्य सुविधाहरू पनि रहेका छन् जसले ग्राहकहरूलाई देशभित्र मात्र नभई देश बाहिर रोमिङमा रहँदा पनि सुविधा प्रदान गर्नेछ।

माछापुच्छ्रे बैंक लि.नगदरहित बैकिङ्गलाई बढावा दिदैं पहिलो डिजिटल स्मार्ट बैंककोरुपमा आफुलाई स्थापित गर्ने लक्ष्यका साथ निरन्तर अगाडी बढि रहेको छ । फरक-फरक माध्यमहरु मार्फत डिजिटल भुक्तानी सुविधालाई सहज बनाउन आफ्ना ग्राहकहरुका लागि नवीन उत्पादन र सेवाहरु ल्याउन माछापुच्छ्रे बैंक लि.सधैं तत्पर रहँदै आएको छ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

काठमाण्डु । यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ। आइतबार नेप्से परिसूचक पाँच दशमलव ३७ अङ्कले घटेर दुई हजार ६२ दशमलव ९४ को बिन्दुमा कायम भएको हो।




आइतबार तीन सय १७ कम्पनीको ९५ लाख ६१ हजार सात सय २७ कित्ता शेयर ६१ हजार पाँच सय १३ पटक खरिद बिक्री हुँदा रु चार अर्ब ३७ करोड ४५ लाख ९७ हजार चार सय ५८ बराबरको कारोबार भएको छ । आइतबार वित्त समूह पाँच दशमलव ४९ र अन्य समूह शून्य दशमलव २५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै लघुवित्त समूह एक दशमलव २३ र होटल तथा पर्यटन समूह एक दशमलव १० प्रतिशतले घटेको छ।

रिलायन्स फाइनान्स लिमिटेड, गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड, साधना लघुवित्त वित्तीय संस्था लिमिटेड, मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड र नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य ६ दशमलव ५८ र सनराईज ब्लुचिप फन्डको शेयर मूल्य पाँच दशमलव २४ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै पोखरा फाइनान्स लिमिटेडको रु १७ करोड १३ लाख ५२ हजार तीन सय ९१ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा आइतबार सबैभन्दा धेरै रिलायन्स फाइनान्स लिमिटेडको तीन लाख नौ हजार चार सय ४३ कित्ता शेयर किनबेच भएको छ ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गाविस राजदेवी वडा नं.९ हाल राजदेवी न.पा. वडा नं. ६ मा बस्ने सुक्राती साह तेलीको नाती गणेश साह तेलीको छोरा दिनकर साह तेलीले आफ्नो बुबा नाता पर्ने गणेश साह तेलीको नाउँमा दर्ता कायम रहको तपसिलमा उल्लेखि जग्गाको रौतहट जिल्ला अदालत गौरको अंश दर्ता मुद्दामा दे.नं.२५८८ मिति २०५८/११/१९ को मिलापत्र बमोजिम गणेश साहको छोरा दिनकर साह तेलीको अंश भागमा परको जग्गा दा.खा माँग गरेकोमा मोठ श्रेस्तामा उल्लेखित कि.नं हरुमा नामथर फरक परेको र वतनमा सेढवा मात्र उल्लेख भएकोले सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा दा.खा. हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित्त पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम दा.खा. भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | कटरवन | ८ | ४८ | ०-४-० | गणेश साह तेली सेढवा |
| रौतहट | कटरवन | ८ | १४५ | ०-०-१९ | |
| रौतहट | कटरवन | ८ | १४६ | ०-०-१२ | |
| रौतहट | कटरवन | ८ | १५१ | ०-७-० | |
| रौतहट | कटरवन | ७ | १९३/३८४ | ०-१-१५ | |

## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### दा.खा.सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गाविस सन्तपुर दो. वडा न.८ हाल फतुवा विजयपुर न.पा.वडा न. ६ मा बस्ने रामलाल यादबको छोरा जंगविर अहिरको छोरा हिरावन राय यादब,सरतिया देवी र महेश राय यादब समेतले आफनो बुवा/ससुरा नाता पर्ने जंगविर अहिरको नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाहरु रौतहट जिल्ला अदालत गौरको मुद्दा न.०८०-सिपी-२५४१ मिति २०८१/०२/२१ को मिलापत्र रौ.जि.अ.गौरको चलानी न.०८०-५२-०१२४१० मिति २०८१/०२/२२ को मिलापत्रको जनाउ समेतले यस कार्यालयमा द.न.१७०७३ मिति २०८१/०२/२७ को माग निवेदन बमोजिम जग्गा दा.खा. माँग गरेकोमा मोठ श्रेस्तामा उल्लेखित जिल्ला रौतहट साविक गाविस सन्तपुर दो.कि.न.३ख को ज.वि.०-१७-० ऐ.ऐ.किता नं २२ ज.वि.२२ को ज.वि.०-१-० जंगविर अहिर पेटभर्वा मात्र उल्लेख रहेकोमा कायम माग भएको सोको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरेको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए,असर पने भए वा दा.खा हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रितपूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम क्षेत्रफल सुधार भै जाने छ।

**तपसिल**

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | सन्तपुर दो. | ३ख | २१ | ०-१७-० | जंगविर अहिर पेटभर्वा |
| रौतहट | सन्तपुर दो. | ३ख | २२ | ०-१-० | |

## भूमिसुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साबिक गाविस राजदेवी वडा नं. ९ हाल राजदेवी न.पा. वडा नं. ६ मा बस्ने गणेश साह तेलीको नाति चौठी भन्ने चौथी साह तेलीको छोरा द्वारिका साह, शिवनाथ साह समेतले आफ्नो बाजे नाता पर्ने गणेश साह तेलीको नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाको रौतहट जिल्ला अदालत गौरको अंश दर्ता मुद्दामा दे.नं. २५८८ मिति २०५८/११/१९ को मिलापत्र बमोजिम चौठी भन्ने चौथी साह तेलीको छोरा द्वारिका साह, शिवनाथ साहले बुवा चौठी भन्ने चौथी साह तेलीको अंश भागमा परेको जग्गा दा.खा नामसारी माँग गरेकोमा मोठ श्रेस्तामा उल्लेखित कि.नं. हरुमा नामथर फरक परेको र वतनमा सेढवा मात्र उल्लेख भएकोले सोको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा दा.खा. हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पुर्वकको बारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम दा.खा. भै जानेछ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | कटरवन | ८ | १४४ | ०-०-१५ | गणेश साह तेली सेढवा |
| रौतहट | कटरवन | ८ | १५१ | ०-७-० | |
| रौतहट | कटरवन | १ | ५३ | ०-५-१५ | |
| रौतहट | कटरवन | ८ | ४८ | ०-४-० | |

## भूमिसुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साबिक गाविस राजदेवी वडा नं. ९ हाल राजदेवी न.पा. वडा नं. ६ मा बस्ने सुक्राती साह तेलीको नाति गणेश साह तेलीको छोरा जगदिश साह तेलीले आफ्नो बुवा नाता पर्ने गणेश साह तेलीको नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाको रौतहट जिल्ला अदालत गौरको अंश दर्ता मुद्दामा दे.नं. २५८८ मिति २०५८/११/१९ को मिलापत्र बमोजिम गणेश साहको छोरा जगदिश साह तेलीको अंश भागमा परेको जग्गा दा.खा माँग गरेकोमा मोठ श्रेस्तामा उल्लेखित कि.नं. हरुमा नामथर फरक परेको र वतनमा सेढवा मात्र उल्लेख भएकोले सोको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा दा.खा. हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पुर्वकको बारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम दा.खा. भै जानेछ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | कटरवन | १ | ५३ | ०-५ -१५ | गणेश साह तेली सेढवा |
| रौतहट | कटरवन | ६ | ९७/४५३ | ०-४-१३ | |
| रौतहट | कटरवन | ८ | १३६ | ०-०-१३ | |
| रौतहट | कटरवन | ८ | १३७ | ०-१-० | |
| रौतहट | कटरवन | ८ | १३८ | ०-१-१ | |
| रौतहट | कटरवन | ८ | १३९ | ०-१-० | |

## भूमिसुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साबिक गाविस राजदेवी वडा नं. ९ हाल राजदेवी न.पा. वडा नं. ६ मा बस्ने मडुवा साह तेलीको नाति हरिभजन साह तेलीको छोरा विश्वनाथ साह तेलीले आफ्नो बाजे नाता पर्ने गणेश साह तेलीको नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाको रौतहट जिल्ला अदालत गौरको अंश दर्ता मुद्दामा दे.नं. २५८८ मिति २०५८/११/१९ को मिलापत्र बमोजिम हरिभजन साह तेलीको छोरा विश्वनाथ साह तेलीको अंश भागमा परेको जग्गा दा.खा माँग गरेकोमा मोठ श्रेस्तामा उल्लेखित कि.नं. हरुमा नामथर फरक परेको र वतनमा सेढवा मात्र उल्लेख भएकोले सोको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा दा.खा. हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पुर्वकको बारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम दा.खा. भै जानेछ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | कटरवन | ८ | १४७ | ०-० -१२ | गणेश साह तेली सेढवा |
| रौतहट | कटरवन | ८ | १४८ | ०-२-० | |
| रौतहट | कटरवन | ८ | १४९ | ०-१-० | |
| रौतहट | कटरवन | ८ | १५० | ०-०-१४ | |
| रौतहट | कटरवन | ८ | १५१ | ०-७-० | |
| रौतहट | कटरवन | ६ | ९७/४५३ | ०-४-१२-८ | |
| रौतहट | कटरवन | ४ | १३४ | ०-२-१५ | |
| रौंतहट | कटरवन | ६ | ८४/४५५ | ०-३-१५ | |
| रौतहट | कटरवन | १ | ५३ | ०-५-१५ | |

## साना किसान कृषि सहकारी संस्था लिमिटेड
धनुषाधाम, धनुषा

### भाखा नाघेको ऋण बुझाउने बारे ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी/सदस्यहरुले निम्न कार्यका लागि पटक-पटक गरी ऋण लिई हालसम्म नबुझाई भाखा नघाएको निम्नानुसारको रकम बुझाउने सम्बन्धमा संस्थाबाट पटक-पटक लिखित तथा मौखिक तर ताकेता गरिएको हो । निजहरु आफैंबाट ऋण तिर्न गरिएको कबुलियत तथा ऋण लिँदा र समुह गठन गर्दा पालन गर्न मञ्जुर गरेका शर्तहरु समेत भंग गरी ऋणको सावाँ, ब्याज तथा हर्जाना समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई ऋण बुझाउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित मितिभित्र पनि ऋण बुझाउन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, निज ऋणी सदस्यले कर्जा लिँदा गरिदिएको लिखित तमसुक तथा यस संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धी आन्तरिक कार्यविधि अनुसार ऋण लिंदा संस्थालाई लेखि दिएको धितो लिलाम/बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लिनुपर्ने रकम असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ। साथै तपसिलमा उल्लेखित व्यक्तिहरुलाई निम्न उल्लेखित ऋण लिँदा आफ्नो जायजेथा मञ्जुरीनामा दिनेहरुलाई उल्लिखित बेहोराको जानकारी यसै सूचनाद्वारा गराइएको छ। ऋण नतिर्ने ऋणी/सदस्यहरुलाई कालो सूचीमा राख्ने तर्फ कारवाही अगाडि बढाईने बेहोरा समेत सूचित गराईन्छ।

**तपसिल**

| क्र. सं. | ऋणीको ३ पुस्ते विवरण | क्र. सं. | ऋणीको ३ पुस्ते विवरण |
|---|---|---|---|
| १ | ऋणी : शिला देवी साह<br>ना.प्र.प.नं. ३४०२<br>पति : ओम प्रकाश साह<br>बुवा : दिपलाल महतो<br>ससुरा : मन्सीफ साह<br>ठेगाना : धनुषाधाम ०९, धारापानी<br>समूह नं. ३४६ | २ | ऋणी : हरिनारायण खत्वे<br>ना.प्र.प.नं. : २५३५५३३१<br>बुवा : अछवा खत्वे<br>बाजे : बनबाली खत्वे<br>ठेगाना : धनुषाधाम ३, तेजनगर<br>समुह नं. १४३ |
| ३ | ऋणीः विशुन कुमारी खत्वे<br>ना.प्र.प.नं. २४३४४०२२<br>पति : हरिनारायण खत्वे<br>ससुरा : अछवा खत्वे<br>ठेगाना : धनुषाधाम ३, तेजनगर<br>समुह नं. १४३ | | |

# पिपरा गाउँपालिकाको बजेट ५६ करोड ४७ लाख ९१ हजार रुपैयाँ




**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको पिपरा गाउँपालिकाले आर्थिक वर्ष ०८१/८२का लागि ५६ करोड ४७ लाख ९१ हजार रुपैयाँ बजेट सार्वजनिक गरेको छ।

गाउँ सभामा उपाध्यक्ष बन्दना पाण्डेले प्रस्तुत गरेको बजेटमा संघीय सरकारबाट ४६ करोड १६ लाख ६३ हजार रुपैयाँ, प्रदेश सरकारबाट २ करोड ८६ लाख २५ हजार रुपैयाँ प्राप्त अनुदान र आन्तरिक राजश्वबाट ७ करोड रुपैयाँको आधारमा ५६ करोड ४७ लाख ९१ हजार रुपैयाँ बजेट ल्याइएको उल्लेख छ।

वार्षिक नीति तथा कार्यक्रममा गाउँपालिकाले सिचाइको समस्या समाधान गर्न कुटमेसरी नदीमा ड्याम निर्माण, किसान परिचय पत्र वितरण गर्ने, तरकारी खेती प्रोत्साहन गर्न शीत भण्डार निर्माण, खेत खेतमा बिजुली सिँचाइ अभियान सञ्चालन गर्ने नीति लिएको छ।

गाउँपालिकामा रामनारायण मिश्र संग्रहालय निर्माण गर्ने, विद्यालय प्रविधि मैत्री बनाउने, दुर्व्यवसनमा लागेकाहरुलाई सुधार्न सुधार केन्द्र स्थापना गर्ने, विदेशबाट आएका युवाको उद्यमशीलता विकासका लागि श्रम बजारको स्थापना गर्ने, एक वडा एक व्यायामशाला स्थापना गर्ने नीति लिएको जनाइएको छ।

# आर्थिक अभावले विमला उपचारबाट वञ्चित

**टुडे समाचारदाता**

मलंगवा। आर्थिक अवस्था दयनीय भएकै कारण एक युवती उपचारबाट वञ्चित छिन्।

जिल्लाको हरिपुर नगरपालिका-८ का रामबाबु विश्वकर्मा र देवकी विश्वकर्मा दम्पतिकी छोरी विमला विश्वकर्माले आर्थिक विपन्नताकै उपचार पाउन नसकेकी छैनन्।

हातगोडा नचल्ने भएका कारण वर्षौंदेखि ह्विलचेयरमा आश्रित विमलालाई केही दिनअघि काठमाण्डु लगिए पनि आर्थिक अभावले उपचार सूरु गर्न नसकिएको आमा देवकीले दुःखेसो गरिन्।

हरिपुर नगरपालिकाबाट सिफारिस लिएपछि सरकारले सित्तैमा उपचार गरिदिन्छ भनेर छोरीलाई काठमाण्डु ल्याएको भन्दै देवकीले भनिन्, तर यहाँ त अस्पतालमा ५ लाख रुपैयाँभन्दा बढी लाग्छ भनेपछि छाँगाबाट खसेजस्तै भए, खान पनि पैसा नभएकाले अहिले काठमाण्डुमै मागेर भौँतारिरहेको छु।'



विपन्नताकै कारण छोरीको उपचारका लागि सहयोग गरिदिनका लागि अपिलसमेत उनले गरिन्।

# प्रदेशसभा सदस्यलाई सभामुखको रुलिंग



**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशसभामा विभिन्न विषयमा गहन् छलफल चलिरहँदा प्रदेशसभा सदस्यहरु भने मोवाइलमा व्यस्त रहने गरेका छन्।

प्रदेशसभामा टेबल भएको विधेयकमाथि छलफल चलिरहँदा सांसदहरू मोबाइलमा व्यस्त रहेपछि सभामुख रामचन्द्र मण्डलले रुलिंग नै गरेका छन्।

प्रदेशसभामा आइतबार स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल चलिरहँदा। प्रदेशसभामा निषेध रहे पनि केही प्रदेशसभा सदस्य मोबाइलमै व्यस्त थिए।

कानुन बनाउने स्थलको रुपमा रहेको प्रदेशसभामा गम्भीर विषयमा छलफल चल्दा पनि केही प्रदेशसभा सदस्यले मतलब नै नराख्ने गरेको टिप्पणी हुँदै आएको छ।

कानुन बनाउने प्रदेशसभा सदस्यहरु नै सदनको मर्यादा उल्लंघन गर्दा सभामुख रामचन्द्र मण्डलले रुलिंग नै गरे।

सभामुख मण्डलले भने, 'मोबाइल कि त स्वीच अफ गर्नुपर्‍यो कि त साइलेन्ट गर्नुपर्‍यो। मोवाइल चलाएर गेम खेल्ने काम कृपया नगर्नुस्।'

उनले रुलिंग नगर्नुपर्ने विषय भए पनि गर्नुपरेकोले गम्भीरतापूर्वक लिन प्रदेशसभा सदस्यहरुलाई आग्रह गरे। उनले यस अघि पनि पटक पटक मोवाइल बारेमा रुलिंग गर्दै आएको छ।

यस अघि सभामुख मण्डलले हाउस चलिरहँदा मोवाइल नचल्ने प्राविधिक जडान गर्ने बताएका थिए।

# मुख्यसचिव अर्यालसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

काठमाण्डु। अन्तःशुल्क स्टिकर छपाई खरिद प्रकरणमा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यसचिव डा. वैकुण्ठ अर्यालसहित १२ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ।

विशेष अदालतमा आइतबार मुख्यसचिव अर्यालसहित १२ जना विरुद्ध मुद्दा दर्ता गरिएको छ।

विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले सार्वजनिक संस्थाको सम्पत्ति हानी, नोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा तत्कालीन आन्तरिक राजस्व विभागका महानिर्देशक रहेका अर्थ मन्त्रालयका सहसचिव रितेशकुमार शाक्य, आन्तरिक राजस्व विभागका तत्कालीन उपमहानिर्देशक हाल भन्सार विभागका उपमहानिर्देशक टंकप्रसाद पाण्डे, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल, आन्तरिक राजस्व कार्यालय लाजिम्पाटमा तत्कालीन निर्देशक गणेशविक्रम शाही, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठ, रवीन्द्रप्रसाद पौडेल, लेखा अधिकृत विष्णुप्रसाद गौतम, सुरक्षण मुद्रण केन्द्रका शाखा अधिकृत हरिवल्लभ घिमिरे, सुरक्षण मुद्रण केन्द्र सिंहदरबारकै तत्कालीन तत्कालीन खरिद परामर्श दाता शक्तिप्रसाद श्रेष्ठ, प्रिन्ट सेल्स प्रा.लिका निर्देशक केशव शर्मा र यो कम्पनीलाई विपक्षी बनाएर १२ जनाविरुद्ध मुद्दा दर्ता भएको बताए। उनले बिगो ३८ करोड ६७ लाख




१७ हजार ६४० रुपैयाँ कायम गरिएको बताए।

उनले भने, 'सार्वजनिक संस्थाको सम्पत्ति हानी, नोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दा दर्ता भएको छ। यसमा नेपाल सरकारका बहालवाला मुख्यसचिव डा. वैकुण्ठ अर्यालगायत १२ जनालाई प्रतिवादी बनाएर दर्ता भएको छ।'

मुख्यसचिव अर्यालसँगै १२ जना विरुद्ध मुद्दा दर्ता भएको मुद्दाको बिगो ३८ करोड ६७ लाख १७ हजार ६४० रुपैयाँ कायम गरिएको छ। जम्मा बिगोमा २० प्रतिशत भुक्तानी दिइसकेको भनिएको छ। विशेष अदालतका प्रवक्ता कार्कीले बताए अनुसार मुख्यसचिव लगायतका केही व्यक्तिलाई पूरै बिगो असुल उपरसहितको माग दाबी सहित मुद्दा दर्ता भएको छ।

उनले मुख्यसचिवलगायतका केही व्यक्तिलाई पूरै बिगो असुल उपरसहितको माग दाबी सहित मुद्दा दर्ता भएको बताए।

मुख्यसचिव अर्यालमाथि मुद्दा दर्ता भएसंगै उनी स्वतः निलम्बनमा परेका छन्।

# सशस्त्र प्रहरीद्वारा गोल घर तथा महिला आवास गृह निर्माण

**टुडे समाचारदाता**

बारा। बाराको जीतपुरसिमरा उपमहानगरपालिका- ५ स्थित बकुलियामा सशस्त्र प्रहरी नेपाल बल सुरक्षा बेस क्याम्पले गोल घर तथा महिला आवास गृहको निर्माण गरिएको छ।

जीतपुर सिमरामा शनिबार भएको एक कार्यक्रम बीच सशस्त्र प्रहरी बल बाराका गणपति प्रहरी उपरीक्षक सन्तोष बहादुर सिंह र जीतपुर सिमरा उपमहानगरपालिका-५ का वडाध्यक्ष दीपेन्द्र चौधरीले संयुक्तरुपमा उद्घाटन गरेका छन्।

जीतपुरसिमरा उपमहानगरपालिकाको ५ लाख ६० हजार रुपैयाँको सहयोगमा महिला प्रहरी आवास गृह तथा गोलघरको निर्माण गरिएको छ। सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस जीतपुर, बकुलियामा चार जना महिला प्रहरी रहेको र उनीहरुलाई बस्नको लागि समस्या भइरहेकोले उपमहानगरको सहयोगमा महिला आवास गृह तथा गोलघर निर्माण गरिएको



बाराका सशस्त्र प्रहरी नायब उपरीक्षक कुमार बरालले बताए।

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस जीतपुर, बकुलियामा महिला सशस्त्र प्रहरीहरुलाई बस्नमा समस्या भइरहेको भन्दै उपमहानगरका मेयर राजन पौडेलले बजेट विनियोजन गरिदिएकोमा उनले खुसी व्यक्त गरे।

सो उद्घाटन सशस्त्र प्रहरीका गणपति सन्तोष बहादुर सिंहले जीतपुर सिमरा उपमहानगरपालिकाको प्रशंसा गरे।

जीतपुरसिमरा उपमहानगरपालिका-५ का वडाध्यक्ष दीपेन्द्र चौधरीले आफू वडाध्यक्षमा निर्वाचित नभएको बेला देखि नै सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेसलाई सहयोग गर्ने योजना बुनेको स्मरण गरे।

सो नवनिर्मित गोल घर तथा महिला आवास गृहको उद्घाटन कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिका वडा न १२ का वडाध्यक्ष श्याम चौधरी, वडा न १३ का वडाध्यक्ष हेमनारायण चौधरी, वडा न ५ का वडा सदस्य इन्दल पासवान, इश्वर चौधरी, इलाका प्रहरी कार्यालय सिमराका प्रमुख चिरञ्जीवी दाहाल, इलाका प्रहरी कार्यालय जीतपुरका प्रमुख प्रकाश खडका लगायत सशस्त्र प्रहरीहरुको उपस्थिति रहेको थियो।

# मुसहर समुदायका बालबालिका शिक्षातर्फ आकर्षित

**टुडे समाचारदाता**

राजविराज। सप्तरीमा मुसहर समुदायका बालबालिका शिक्षातर्प आकर्षित हुन थालेका छन्।

शिक्षाभन्दा टाढा रहने गरेका मुसहर समुदायका बालबालिका अब अध्ययनका लागि विद्यालय जान थालेका छन्। जिल्लाको शम्भुनाथ नगरपालिका-७ भगवतपुरस्थित मुसहर बस्तीका नौ वर्षीय प्रदीप सदा पढ्ने उमेर भए पनि विद्यालय जाँदैन थिए। घरदेखि करिब पाँच सय मिटरको दूरीमा रहेको विद्यालय नगइ घरमै खेलेर समय बिताउँथे। तर अब उनी झोला बोकेर विद्यालय जान थालेका छन्।

आमाबुवाले स्थानीय साहुको घरखेतमा काम गर्न जाँदा उनीहरुसँगै साहुमहाजनको गाईगोरु चराउने गरेका सोही ठाउँका ११ वर्षीय राकेश सदा पनि अब बुद्धिलाल मुनर माध्यमिक विद्यालय जान थालेका छन्।

पछिल्लो समय अति पिछडिएको मुसहर बस्तीका बालकालिकाको शिक्षाप्रतिको आकर्षण भने क्रमशः बढ्दै गएको देखिन्छ। हरवाचरवा र मुसहर समुदायको उल्लेख्य बसोबास रहेको शम्भुनाथ-७ स्थित भगवतपुर, वडा नं २ स्थित कनकपट्टी, वडा नं ३ स्थित डंगराही र वडा नं ५ स्थित मोहनपुरका मुसहर बालबालिका अचेल नियमित विद्यालय जान थालेका छन्।

सो नगरपालिकाका हरवाचरवासमेत परिवारका बालबालिकालाई लक्षित गरी श्रीपुर्राज



सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको शैक्षिक अभियानअन्तर्गत निःशुल्क बाल ट्युसन कक्षा सञ्चालन गरेपछि विद्यालय जाने दलित बालबालिकाको संख्या बढ्दै गएको छ।

केही वर्षअघिसम्म न्यून संख्यामा मुसहर बालबालिका विद्यालय जाने गरेकामा पछिल्लो समय ती समुदायबाट विद्यालय जानेको संख्या बढ्दै गएको केन्द्रका सहजकर्ता बिजली रामले बताए।

तीन वर्ष अघिसम्म ती वडाबाट हरुवाचरुवा र मुसहर समुदायका विद्यालय जाने बालबालिकाको संख्या १२ रहेको थियो। केन्द्रले 'द फ्रिडम फन्ड' नामक संस्थाको सहयोगमा 'सामाजिक परिचालन तथा शिक्षाका माध्यमबाट हरवाचरवाको सशक्तिकरण कार्यक्रम'अन्तर्गत जनचेतना अभियान, अभिभावक भेला तथा निःशुल्क बालकक्षा सञ्चालनमा ल्याएपछि अहिले विद्यालय जाने विद्यार्थीको संख्या तीन सयभन्दा बढी पुगेको हरवाचरवा शम्भुनाथ नगर बालक्लबका अर्जुन सदाले जनाएका छन्।

पहिलापहिला मुसहर परिवारका बालबालिका पढाइभन्दा खेलकुदमै दिन बिताउने गर्थे। गाउँमै निःशुल्क बालकक्षा सञ्चालनमा आएपछि बिस्तारै पढाइलेखाइप्रति आकर्षित हुन थालेका छन्", उनले भने, "केही वर्षअघिसम्म विद्यालयमा मुसहर परिवारका बालबालिका न्यून संख्यामा भेट्थ्यो, अहिले सो संख्या बढ्दै गएको छ।"

कुनैबेला आफूलाई पढ्न रहर हुँदाहुँदै पनि बाल्यकालमै अभिभावकले विवाह गरिदिएको सम्झिँदै उनले अहिले त्यस्तो अवस्था बिस्तारै हट्दै गएको अर्जुनले भने। मुसहर परिवारका अभिभावक जिम्मेवार बन्दै गएपछि सो समुदायका बालबालिका अध्ययनप्रति आकर्षित हुन थालेको उनको भनाइ छ।

हरवाचरवा परिवारमा समेत शिक्षाको अवस्था नाजुक देखिएपछि सो संस्थाले शम्भुनाथ नगरपालिकाको विभिन्न वडामा सञ्चालन गरेको निःशुल्क बालशिक्षा कार्यक्रममा अहिले उक्त समुदायका दुई सयभन्दा बढी बालबालिका नियमितरुपमा अध्ययन गर्न आउने गरेका श्रीपुर्राज सामुदायिक केन्द्रका संयोजक विनोदानन्द चौधरीले बताए। तीमध्ये एक सय ५० बालबालिकालाई विभिन्न विद्यालयको पहुँचमा पुर्‍याइएको उनले बताए।

संयोजक चौधरीले बताए अनुसार विद्यालयमा भर्ना भएका बालबालिकालाई संस्थाकोतर्फबाट शैक्षिक सामग्री र स्कुल झोला निःशुल्क उपलब्ध गराएको छ। विद्यालय बाहिर रहेका बालबालिकाका लागि हाल तीन जना दक्ष शिक्षिका र एक दर्जन स्वयंसेवक परिचालित गरेर नौमहिने बालशिक्षा प्रदान गरिरहेको भन्दै क्रमिकरुपमा विद्यालय भर्ना गराउँदै लगिने उनले बताए।

उनले प्रारम्भिक बालशिक्षाबाट राम्रो गर्दै गएका एक सय ५० जना हरुवाचरुवा परिवारका बालबालिकालाई अहिलेसम्म स्थानीय विद्यालयमा भर्ना गराइसकिएको बताए।

गरिबी र अभावबाट गुज्रिरहेका हरवाचरवा र मुसहर समुदायका अधिकांश बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर हुने गरेकामा उनीहरुलाई शिक्षासँग जोड अभियान सञ्चालन गरी आगामी शैक्षिकसत्रदेखि सबैलाई विद्यालयसँग जोड्न पहल समेत भइरहेको छ।


## आत्महत्या र यसको रोकथाम



### आत्महत्याको परिभाषा

आत्महत्या भनेको जानाजानी आफैँलाई हत्या गर्नु हो। हरेक वर्ष, विश्वभरी लगभग १० लाख मानिसहरु आत्महत्या गरेर मर्छन् नेपालमा ७ हजार भन्दा बढी मानिसहरुले आत्महत्या गर्दछन्। आत्महत्याले व्यक्ति, परिवार र समुदायमा दीर्घकालीन प्रभाव पार्न सक्छ तर आत्महत्यालाई रोक्न सकिन्छ।

आत्महत्याको लागि कारक तत्वहरु मानसिक रोग विशेष गरी उदासिनता र परिवार संक्रमण रोग, क्यान्सर र एचआईभी संक्रमण हुन। प्रत्येक आत्महत्या अगाडी धेरै आत्महत्या गर्न प्रयासहरु हुँदै गर्दछन्। आत्महत्याको प्रयास पनि आत्महत्याको लागि सबैभन्दा महत्वपूर्ण जोखिम तत्व हो।

### आत्महत्या गर्ने जोखिम भएकाहरू

- मानसिक रोग भएका व्यक्तिहरुमा
- मदिरा सेवन गर्नेहरुमा,
- तनाव (घरायसी, आर्थिक कारणले, परिवारिक सम्बन्ध राम्रो नभएर),
- मोबाईल फोनको लत भएकाहरुमा,
- घरेलु हिंसा, एक्लोपना आदि।

### आत्महत्याको चेतावनी संकेतहरू:

**यदि कोही आत्महत्याको जोखिममा छ भने, तपाईले निम्न चेतावनीका संकेतहरु देख्न सक्नुहुन्छ, जस्तै :**

- आफू अरु माथि बोझ भएको कुरा गर्ने,
- एक्लै बस्न चाहने, चिन्तित देखिने,
- आफूलाई असहनीय पीडा भएको बारे कुरा गर्ने,
- अचानक अत्याधिक मादक पदार्थको (मदिरा, लागू पदार्थ) सेवन गर्न थाल्ने,
- आत्महत्याका विभिन्न तरिका खोज्ने, बढी रिसाउने,
- मूड परिवर्तन (Mood Swings) भइरहने,
- दुःखी भइरहने वा निराशा व्यक्त गर्ने,
- धेरै कम वा धेरै सुत्ने,
- आफूलाई मर्न मनलागको बारे कुरा गर्ने,
- आत्महत्याको योजना बनाउने,

### रोकथाम र नियन्त्रण

- आत्महत्याका साधनहरुमा पहुँच सीमित गर्नुहोस् (जस्तै कीटनाशक औषधिहरु),
- किशोर-किशोरीहरुमा सामाजिक भावनात्मक परिवर्तन आउँछन् जुन सामान्य हो र त्यस्तो बेलामा उनिहरुको मानसिक अवस्थालाई बुझ्ने प्रयास गर्ने,
- आफ्ना बालबालिकाहरुको मानसिक स्वास्थ्य सम्बन्धि जनकारी राखिराख्ने,
- घरमा कसैलाई मानसिक स्वास्थ्यमा समस्या छ भने समयमै पहिचान गरेर उपचार गराउँने
- आफूलाई मानसिक समस्या छ भने परिवारका सदस्यसँग कुरा गर्ने वा स्वास्थ्यकर्मीसँग परामर्श लिने,
- ध्यान, योगा वा व्यायाम गरेर आफ्नो मानसिक स्वास्थ्य स्वस्थ राख्ने,
- खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भएर तनाव मुक्त बन्ने,
- साथीहरुसँग रमाईलो गरी समय बिताउने।

**स्वास्थ्य कार्यालय**
**रौतहट**


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८